# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ३, अङ्क ३३, पूर्णाङ्क १२८ | २०७४ माघ १७ गते बुधबार | Wednesday, 31 Jan 2018 | www.eratokhabar.com | मूल्य रु. १०


**प्रचण्डले बारम्बार धोका दिए**

■ लोकेन्द्र बिष्टमगर



अन्तरवार्ता पृष्ठ ३

## आँखामा कालो पट्टी बाँधेर यातना दिइयो : तामाङ



■ **रातो खबर संवाददाता**/काठमाडौं

नेकपाले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन खारेज अभियान चलाईरहेको बेला प्रहरीद्वारा पक्राउ गरिएका नेकपाका ब्यूरो सदस्य राजीव तामाङले आफुलाई चर्को यातना दिएको बताएका छन् । प्रहरीले तामाङलाई काठमाण्डौंबाट ५४ दिन अघि पक्राउ गरि चक्रपथ प्रहरीविटमा राखेको थियो र त्यसपछि अर्को मुद्दा लगाएर नुवाकोट लगेको थियो । तामाङ आइतवार नुवाकोट प्रहरी कार्यालयको हिरासतबाट १ लाख ५५ हजार धरौटीमा बुझाएर रिहा भएका हुन् । हिरासत मुक्त भएपछि रातो खवरसँग कुरा गर्दै तामाङले आफुलाई हिरासतभित्र आँखा र मुख बन्द गरेर चर्को यातना दिएको वताए । चुनाव विरोधी गतिविधि गरेको आरोपमा प्रहरीले तामाङलाई पक्राउ गरेको हो ।

# देशैभरि जनजागरण अभियान सुरु

- सामाजिक दलाल पुँजीवादको भण्डाफोर गरिने
- राष्ट्रघाती, भ्रष्टाचारी र कालोबजारीलाई कारबाही गरिने




■ **रातो खबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले यही माघ १५ गतेदेखि तीनमहिने जनजागरण अभियान सञ्चालन गरेको छ। गएको सङ्घ र प्रदेश सभाको चुनावपछि स्वघोषित वाम गठबन्धनले स्पष्ट बहुमत प्राप्त गरेर सरकार बनेमा नेपालमा समाजवाद लागू हुन्छ भन्ने भ्रम फैलाइरहेको सन्दर्भमा उसले राजनीतिक भण्डाफोर अभियान सञ्चालन गरेको जनाएको छ । नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) लाई नेकपाले राजनीतिक/वैचारिक रूपमा कम्युनिस्ट मात्र नभएर ... बाँकी पृष्ठ ७ मा

## सीमा अतिक्रमणविरुद्ध सशक्त सङ्घर्ष गर्छौं : सिंह




■ **अम्बिका चन्द**/काठमाडौं

अखिल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष पूर्णबहादुर सिंहले भारतद्वारा पर्सामा गरिएको सीमा अतिक्रमणको भर्त्सना गर्दै असमान सन्धिसम्झौताहरू खारेजीको माग गरेका छन् । उनले राष्ट्रियता रक्षाका लागि आवश्यक परे जनमुक्ति सेनामा भर्ती हुने भन्दै भारतीय साम्राज्यवादी हस्तक्षेपकारी गतिविधिका विरुद्ध आफ्नो सङ्गठनले निर्मम सङ्घर्ष गर्ने बताए । अध्यक्ष सिंहले सीमा क्षेत्रमा भारतले लगातार अतिक्रमण गर्नुका साथै नेपाली जनतालाई अनावश्क दुःख दिने गरेको बताए ।

क्रान्तिकारीले शुक्रबार काठमाडौंको संवाद डबलीमा आयोजना गरेको पत्रकार सम्मेलनमा क्रान्तिकारीका अध्यक्ष सिंहले हाल देशमा दुई सत्ता र दुई अदालत रहेको बताए । उनले काङ्ग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहालविरुद्ध जनअदालतमा मुद्दा हाल्ने चेतावनी दिए । उनले भने, 'यिनै नेताहरूले शैक्षिक माफियाहरूको संरक्षण गर्दा शिक्षा क्षेत्र व्यापार गर्ने थलो बनेको छ । शिक्षण संस्थाहरूले मनपरी शुल्क असुल्ने र विद्यार्थी लुट्ने काम गरिरहेका छन् ।'

अखिल क्रान्तिकारीले आउँदो फागुन २७ देखि ३० सम्म २१ औं राष्ट्रिय सम्मेलन दाङमा गर्ने भएको छ । सम्मेलन तयारीका लागि अध्यक्ष सिंहकै नेतृत्वमा मूल परिचालन समिति पनि गठन गरिएको जानकारी क्रान्तिकारीले दिएको छ ।

## देशको एक इन्च जमिन मिच्न पाइँदैन : झाँक्री




काठमाडौं : अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका केन्द्रीय संयोजक अमर झाँक्रीले देशको एक इन्च पनि जमिन भारतलाई मिच्न नदिने बताएका छन् । महासङ्घ केन्द्रीय समिति बैठकका निर्णयहरू सावर्जनिक गर्न शनिबार काठमाडौंको संवाद डबलीमा आयोजित पत्रकार सम्मेलनमा झाँक्रीले यस्तो बताएका हुन् । भारतसँग सीमा जोडिएका पर्साका ... बाँकी पृष्ठ ७ मा

## मगर मुक्ति मोर्चाको राष्ट्रिय भेला




■ **रातो खबर संवाददाता**/नवलपरासी

मगर राष्ट्रिय मुक्ति मोर्चा नेपालको प्रथम राष्ट्रिय भेला सम्पन्न भएको छ । माघ १२ र १३ गते नवलपरासीमा सम्पन्न भेलाले गमबहादुर श्रीसको संयोजकत्वमा ४९ सदस्यीय सम्मेलन आयोजक समिति गठन गरेको छ । मोर्चाका सदस्यहरूमा सुदर्शन मङ्गोल, निरु थापा, ... बाँकी पृष्ठ ७ मा

## भण्डाफोर अभियान किन ?

**देश/परिवेश**

■ अनिल शर्मा



चुनाव खारेज अभियान तीव्र पारेको नेकपाले माघ १५ गतेदेखि देशव्यापी भण्डाफोर तथा जनजागरण अभियान सुरु गरेको छ । बाहिरबाट हेर्दा वा सरलीकरण गर्दा त्यसलाई संसदीय अथवा सुधारवादी दलहरूकै स्तरको कार्यक्रमजस्तो लाग्नसक्छ । तर त्यसको भेदनबिन्दु कहाँ हो ? भन्ने प्रश्न महत्वपूर्ण हुन्छ । त्यसैले नेकपाको तीनमहिने अभियान दूरगामी महत्वको छ ।

महामानव कार्ल हेनरिक मार्क्सले भन्नुभएझैं हतियारको आलोचनालाई आलोचनाको हतियारले पराजित गर्न सकिन्न । हतियारको आलोचनालाई आलोचनाको हतियारले पराजित गर्न खोज्दा क्रान्तिकारी माओवादीको कन्तबिजोक भएको छ । आफ्नै भण्डाफोर भएको छ र दलाल व्यवस्थाको परिपूरक बन्न गएको छ । आज देशमा कम्युनिस्ट नामधारी दलाल पार्टीहरू सत्तामा पुगेका छन् । नेकपाको छैटौं पूर्ण बैठकले यी दलालहरूलाई 'सामाजिक दलाल पुँजीवादी' भन्ने निर्णय गरेको छ । यिनीहरूको विगत राष्ट्रघात, जनघात, असमान सन्धि र दलालीले विद्रूप भएको छ । सत्ता टिकाउन भविष्यमा पनि त्यही गर्नेछन् । नेकपाले नयाँ बनहात्ती गाउँ पसेको बेला जनतालाई जागृत गर्नेछ ।

चुनाव खारेज अभियानमा पार्टीले काङ्ग्रेस, एमाले, माके कुनै दलविशेषलाई आक्रमण गरेन । केवल दलालहरू र चुनाव प्रचारलाई अवरोध गर्‍यो । चुनाव खारेज दलहरूका विरुद्ध नभएर वर्गका विरुद्ध थियो । दलाल पुँजीवाद र त्यसका प्रतिनिधिहरूका विरुद्ध थियो ।

दलाल पुँजीवादीहरूले एमाले गठबन्धन र काङ्ग्रेसी गठबन्धन बनाएर चुनावमा गए । त्यसको माध्यमबाट राजनीतिक स्थिरता कायम गर्ने कोसिस पनि गरे । तर सत्ता चरित्रका कारण उनीहरूबीचको कुकुर झगडा, अस्थिरता रोकिने र समालिने सम्भावना छैन । परिस्थिति त्यही दिशामा गतिवान् छ । एमाले गठबन्धनको नारा 'स्थिरता, समृद्धि, विकास र समाजवाद' उनीहरूका लागि कात्रो बनेर आउनेछ । आज विकास र समृद्धिको नाराले युरोप र अमेरिकी नागरिकसमेत चैनले निदाउन पाएका छैनन् । 'माग्नेमाथि थाङ्ने' भनेझैं दलालको पनि दलाल व्यवस्थामा विकास र समृद्धि सम्भव छ ?

दलालका प्रतिनिधिहरूले आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सक्दैनन् । विकास निर्माणको काममा विप्रेषण र अनुदान तथा विदेशी शरणमा पर्नुपर्ने हुन्छ । देशमा उत्पादन बढ्दैन । विदेशी मुद्रा बाँकी पृष्ठ ५ मा

## सम्पादकीय

# सामाजिक दलाल पुँजीवादको भ्रममा नपरौँ

नेपाल कम्युनिस्ट पार्टीले तीनमहिने जनजागरण अभियान घोषणा गरेको छ । नेकपाले वैज्ञानिक समाजवाद स्थापना गर्नका लागि एकीकृत जनक्रान्ति सम्पन्न गर्न र दलाल पुँजीवादी सत्ताले फैलाएका भ्रमहरू समाप्त पार्न जनजागरण अभियान घोषणा गरेको हो । जनजागरण अभियानकै क्रममा नयाँ सत्ताले पुरानो सत्ताका राष्ट्रघाती, जनघाती, दलाल, सूदखोर, भ्रष्टाचारी र कालोबजारियाहरूलाई कारबाही गर्ने विषय अघि सारिएको छ ।

दलाल संसद्वादीहरूले कथित संविधानसभाबाट संविधान जारी गरिएपछि मुलुकलाई सुख, समृद्धि र शान्तिको लदाबदी दिने ऐलान गरेका थिए तर ठीक त्यसको उल्टो यतिबेला मुलुक इतिहासकै सर्वाधिक सङ्कटमा छ । भारतीय साम्राज्यवादले आफ्नो विस्तारवादी चरित्र देखाउँदै नेपालको सीमादेखि संसद्वादी दलालहरूको मस्तिष्कसम्म कब्जा गरिरहेको छ । जनतन्त्रको अवस्था कति नाजुक भएको छ भने देश र जनताका पक्षमा आवाज उठाउनेहरूलाई देशव्यापी गिरफ्तार गरी बन्दी बनाउने र दुःख-यातना दिँदै तारिकमा झुन्ड्याउने क्रम बढिरहेको छ । वर्तमान सत्ताले जनतामा लादेको व्यभिचारका विरुद्ध आयोजित सभाहरूमा हस्तक्षेप गरेर दलाल पुँजीवादी सत्ताले आफ्नो असली चरित्र देखाएको छ । मुलुकमा महँगी, कालोबजारी र तस्करीले आकाश छोएको छ । दलाल संसद्वादका मतियारहरूले चुनावमा तस्करहरूबाट उठाएको चन्दाको मार अहिले जनताले महँगीको माध्यमबाट खेपिरहेका छन् । दलाल संसद्वादीहरूले चुनावमा अर्बौं खर्च गरेर जनतामाथि बोक्नै नसक्ने महँगी र विकृतिको भार बोकाएका छन् ।

मुलुकमा राष्ट्रघात गरेर, जनतामाथि दमन र महँगी लादेर संसद्वादी पार्टीहरू सरकारको लुछाचुँडीमै व्यस्त छन् । नेपालीमा एउटा भनाइ छ, दुष्ट चीलले किसानलाई आकाशतिर देखाएर कुखुरा चोर्छ रे । दलाल संसद्वादीहरू कहिले कथित प्रदेश राजधानी त कहिले कथित प्रदेश प्रमुख विवादमा जनतालाई होमिदिएर आफू सत्ता भागबन्डा र लुछाचुँडीमा मस्त छन् । प्राकृतिक प्रकोप : भूकम्प, बाढीपीडित र महँगीको मारमा परेका शोषित-उत्पीडित जनतामाथि अभाव र उत्पीडन थोपरिइरहेकै छ । शासकहरूबीच सत्ता लम्ब्याउने र सत्ता हत्याउने खेल चलिरहेको छ । यो खेलमा दलाल संसद्वादको अभियन्ता काङ्ग्रेस त अगाडि हुने नै भयो, कथित ‘वाम’ गठबन्धनका माके-एमालेको सामाजिक दलाल पुँजीवादी चरित्र झनै खतरनाक शैलीले अघि आएको छ ।

जनयुद्धको बलमा प्रतिक्रियावादी संसदीय व्यवस्था मृत्युशय्यामा छट्पटाइरहेको अवस्थामा साम्राज्यवादी शक्ति, नेपाली दलाल पुँजीवादी शक्ति र आत्मसमर्पणवादी प्रचण्ड–बाबुरामहरूको साँठगाँठमा जनयुद्धलाई विघटन गरियो भने त्यसको परिणामस्वरूप मृत्युन्मुख संसदीय व्यवस्थालाई जबर्जस्ती सत्तामा फर्काइएको छ । तर छ्वालीको खुट्टा टेकाएर टिकाइएको यो मरणोन्मुख दलाल सत्ताको आयु धेरै लामो छैन । यो प्रतिगामी सत्तामा पुरानै प्रतिगामी, दलाल पुँजीवादी शक्ति काङ्ग्रेस अडिइरहोस् वा नवोदित माके-एमालेको सामाजिक दलाल पुँजीवादी समूह आओस्, त्यसले कुनै फरक पार्दैन । अझै जनसमुदायमा सामाजिक दलाल पुँजीहरूले केही समय भ्रम पार्ने खतरा पनि उत्तिकै छ किनकि उनीहरूले स्थायी सरकार, विकास र समृद्धिको झूटा नारा बाँडेका छन् । नेकपाको जनजागरण अभियानले देश र जनताका विरुद्ध अहोरात्र यस किसिमका षड्यन्त्र गरिरहेका शक्तिहरूका विरुद्ध जनतामा व्यापक चेतना जागृत गर्ने र यसले दलाल सत्तालाई शीघ्र पतन गराउनेमा कुनै शङ्का छैन ।

नेकपाले विद्यमान पुरातन सत्ताका लक्षण र अवस्थाहरूको संश्लेषण गर्दै भनेको छ, ‘सयौँ वर्षदेखि नेपाली जनताको खुन–पसिना चुसेर जुकाजस्ता ढाडिएका नयाँ र पुराना धनकुवेर र दलालहरूले पालोपालो दुष्ट, दलाल पुँजीवादी सत्ताको मुखमा प्राण भर्ने जमर्को गर्दैछन् । यी संसद्वादी दलालहरूले हालै देशमा शान्ति, स्थिरता र समृद्धि ल्याउने भन्दै कथित चुनाव गराएको नाटक गरे, तपाईंहरूलाई पनि भोट हाल्न उक्साए । तर हामीले यी दलालहरूको चालबाजी र नाटक बुझेका थियौँ । त्यसैले हाम्रो पार्टीले जनतालाई आह्वान गर्दै भन्यो- यो “लोकतन्त्र” को चुनाव होइन, लुटतन्त्रमाथि सहीछाप गराउने षड्यन्त्र हो । जनताको भोटद्वारा जनताको सत्तालाई समाप्त गर्ने र क्रान्तिको घाँटी निमोठ्ने घातक ठगी धन्दा हो । यस चुनावलाई खारेज गरौँ । हाम्रो आह्वान र सङ्घर्षलाई जनताले साथ दिने देखेपछि र पार्टीको नेतृत्वमा सङ्घर्ष तेज बन्दै गएपछि त्यसबाट अत्तालिएका दलालहरूले हाम्रो पार्टीविरुद्ध निर्मम दमन गरे ।’ वास्तवमै यो दलाल संसदीय व्यवस्थाले राष्ट्रघाती, जनघाती, भ्रष्ट, कालोबजारियाहरूको संरक्षण गर्छ र श्रमजीवी, उत्पीडित जनतामाथि अझै विभेद र दोहन गर्छ । भारतीय साम्राज्यवादबाट निरन्तर नेपाली भूमि अतिक्रमण भइरहँदा, नेपालको राष्ट्रियतामाथि आँच आइरहँदा, वेश्यालयहरूमा नेपाली चेली बलात्कृत भइरहँदा, जनतामाथि कालोबजारी, महँगी र अभाव बढिरहँदा स्वाद मानेर हेरिरहने र तस्करहरूलाई संरक्षण गरी जनतामाथि आहत थोपर्ने तत्वहरूको नाम काङ्ग्रेस, माके, एमाले वा अरू जोकोही भए पनि देशद्रोही हो, राष्ट्रघाती र जनघाती हो । भारतले आफ्ना नयाँ नोकरहरूलाई निर्देशन दिन विदेशमन्त्रीलाई मङ्गलबार नेपाल पठाइसकेको छ । पुराना र नयाँ नोकरहरूले नेपाली जनताको भारतीय साम्राज्यवादविरोधी भावनाको कदर गर्ने कुरा त परै जाओस्, विस्तारवादीनीतिको पनि विरोध गर्ने छैनन्, उल्टै सम्मान गरेर र दाम चढाएर पठाउनेछन् । त्यसैले यी सामाजिक दलाल पुँजीवादीहरूको सपनाको स्वर्ग ध्वस्त पार्दै वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्नु देशभक्त, जनवादी, क्रान्तिकारीहरूको कर्तव्य र दायित्व हो । एउटा प्रचलित भनाइ छ, टाढैबाट देखिने गरी डस्न आएको सर्पभन्दा बिस्तरामा घुसेको सर्प बढी खतरनाक हुन्छ । यसतर्फ सङ्केत गर्दै नेकपाले भनेको छ, ‘एउटा अर्को ह्याउ खसेको तत्वहरूबाट बनेको माके भन्ने पार्टी छ, आफ्ना वीरतापूर्ण एवम् गौरवपूर्ण इतिहास थेग्न नसकेर मालिकहरूको पाउमा “चारधाम” लगाउन पुगेको सबैभन्दा नालायक यही भएको छ । यिनै पार्टीहरूमध्ये अहिले एमाले–माकेले गठबन्धन बनाएर विकास निर्माणको मूल फुटाउने कुरा गरेका छन् । यो गठबन्धनले भनेअनुसार कतैबाट पनि मूल फुटाउने अवस्था देखिँदैन, बरु यसले जस्ता पात्र, प्रवृत्ति बोकेर हिँडेको छ त्यसबाट भन्न सकिन्छ- यसले देश सुकाउने, लुटाउने र जनता सताउने कुकर्म मात्र गर्नेछ ।’ देश र जनताका विरुद्ध यति गम्भीर षड्यन्त्रको तानाबाना बुनेर बसेका तत्वहरूको भण्डाफोर र सङ्घर्ष यतिबेला मुखर बनेको छ ।


### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# कस्तो समाजवाद ?

## यो राज्य व्यवस्थाभित्र किन सम्भव छैन वैज्ञानिक समाजवाद



गुणराज लोहनी

*“जब पुँजीवादले आफ्नो छुट्टै दर्शनको विकास गर्न सकेन तब उसलाई आफ्नै दृष्टिकोणको अभाव भयो । उसले सामन्तवादी दर्शन वा आदर्शवादी दर्शन अँगाल्न पुग्यो । यसबाट सामन्तवाद र पुँजीवादका बीचमा गठबन्धन हुन पुग्यो र साम्राज्यवादी पुँजीवादको जन्म भयो । लेनिनको पालाको साम्राज्यवादले आफ्नो रुप बदलेको छ । साम्राज्यवादजस्तै अहिलेपनि मरणासन्न, परजीवी, अतिकेन्द्रीकरण यो निगम पुँजीवादकाविशेषता रहेपनि देशमा सीमित रहेको छैन । उत्पादनका साधन, उत्पादन सम्बन्ध र उत्पादक शक्तिहरुमा फेरबदल आएको छ ।*

**ऐतिहासिकता**

सापेक्षित स्थिर भूगोलसहितको नेपाल बन्दै गर्दा नेपाली समाज सामन्तवादी युगमा रहेका तथ्यहरू रहेका छन् । यद्यपी त्यस समयमा दास-मालिक समाजका विशेषताहरू प्रशस्तै थिए । त्यो एक किसिमको दास युगबाट सामन्तवादी युगको संक्रमण थियो । त्यस समयमा सामन्तवादी राज्य व्यवस्थाअन्तर्गत उत्पादन शक्ति र उत्पादन प्रणालीबीच सङ्घर्ष सामन्त र गरिब किसानका रूपमा चलिरहेको थियो । नेपालमा गणराज्यहरू हुँदै गर्दा प्रागकृषिगत उत्पादन प्रणाली रहेको थियो । जब गणराज्यहरू अधिराज्यतिर उन्मुख हुँदै गए अनि सामन्तवादी आर्थिक प्रणाली नेपाल प्रवेश गर्‍यो । जब नेपाल एकीकृत अधिराज्य बन्न पुग्यो, सामन्तवादको नेतृत्वभएका कारण सामन्तवादी राज्य प्रणाली कायम भयो ।

सन् १८१६ को सुगौली सन्धिपछि नेपाल सामन्ती मात्र नरहेर अर्धसामन्ती र अर्धऔपनिवेशिक बन्न पुग्यो । यसमा उत्पादनका साधन, उत्पादक शक्ति, उत्पादन सम्बन्ध अर्धसामन्ती र अर्धऔपनिवेशिक रह्यो । यो अर्धसामन्ती र अर्धऔपनिवेशिक उत्पादन र वितरण प्रणालीका विरुद्ध उत्पादक शक्तिले सङ्घर्ष गर्दै आयो । सामन्ती राजतन्त्रात्मक राज्य प्रणालीका विरुद्ध वि.सं. १९३३ तिर नै सङ्गठित सङ्घर्ष सुरु भएको थियो । जङ्गबहादुरले आफ्नो शासन प्रणालीका विरुद्ध विद्रोह गरिँदैछ भन्ने थाहा पाएर वि.सं.१९३३ फागुन २ गतेलखन थापा, उनका साथीहरू जयसिंह चुमी(राणा), अच्छामी मगर र अन्य चार गरी ७ जनालाई क्रूरतापूर्वक झुन्ड्याएर मारेकाथिए । यसरी राणा शासनका नाममा रहेको अर्धसामन्ती र अर्धऔपनिवेशिक शासन प्रणालीका विरुद्ध २००६ र ००७ मा हतियारबद्ध सङ्घर्ष भएका थिए । यो सङ्घर्षले १०४ बर्से राणा शासनको अन्त्य त गर्‍योतर दिल्लीमा काङ्ग्रेस, राजा र राणाका बीचमा सम्झौता भएका कारण २००७ सालको परिवर्तनपछि पनि नेपाल अर्धसामन्ती र अर्धऔपनिवेशिक नै रह्यो ।

त्यसपछि २०४६ सालको आन्दोलनले निरङ्कुश पञ्चायती व्यवस्था त ढल्यो । तर अर्धसामन्ती अर्धऔपनिवेशिक राज्य संरचनामा परिवर्तन आएन । विश्व साम्राज्यवाद उदारवादमा प्रवेश गर्‍यो । त्यसको प्रभाव नेपालमा पनि पर्न गयो । यसरी अर्धसामन्ती-अर्धऔपनिवेशिक राज्य संरचनामा उदारवादको प्रभावबाट बन्न गएको उत्पादन प्रणाली उत्पादक शक्तिका बीचमा नयाँ सङ्घर्ष सुरु भयो । यसले एकातिर वर्गीय मुक्तिको आवश्यकता बोध गर्‍यो भने अर्कोतिर राष्ट्रिय मुक्ति पनि अनिवार्य बन्न गयो । यसैको फलस्वरूप २०५२ साल फागुन १ गते जनयुद्धको घोषणा भएको थियो । ९/११ को अमेरिकामा भएको घटनापछि विश्व व्यवस्थामा नयाँ सङ्कट देखा पर्‍यो । नेपालमा पनि जनयुद्धको विकासले अर्धसामन्ती संरचनामा निकै ठूलो उथलपुथल ल्याइदियो । यसरी १० बर्से जनयुद्ध र १९ दिने जनआन्दोलनबाट सामन्ती राजतन्त्र अन्त्य हुने परिस्थितिमा पुग्यो । यसले सामन्तवादी हैकम हटेर गयो । तर औपनिवेशिक हैकम कायम नै रह्यो । यसले गर्दा नेपालमा दलाल पुँजीवाद स्थापना हुन पुग्यो । राजतन्त्रको अन्त्यपछि पनि नेपालमा राष्ट्रिय पुँजीवादको विकास हुन सकेन । सन् २००० मा जसरी विश्वमा निगम पुँजीवादको विकास भयो । नेपालमा परम्परागत अर्धसामन्ती र अर्धऔपनिवेशिक राज्य संरचनाको स्थान दलाल पुँजीवाद वा निगम पुँजीवादले लिन पुगेको छ । यहाँका संसदीय राजनीतिक पार्टी, तिनीहरूबाट पालितपोषित अर्थविद्हरूले यसैलाई पुँजीवादको विकास भनी भ्रम छरेका छन् र उनीहरूले अब समाजवाद सम्भव छ भनिरहेका छन् ।

**वर्तमान सत्ताको संरचना र त्यसका अवयवहरू**

अहिले नेपालमासङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यव्यवस्था छ । यसको सार रूप भनेको दलाल पुँजीवादी वा निगम पुँजीवादी हो । यस राज्यव्यवस्थाको संरचना, यसको आर्थिक, उत्पादन र वितरण प्रणाली दलाल पुँजीवादी वा निगम पुँजीवादी रहेको छ । यही प्रणालीलाई आधार बनाएर समाजवाद लागू गर्ने भनेको अँध्यारोमा छामछुम गर्नु वा भ्रमको पुलिन्दा बाँड्नु हो ।

*क- राज्य संरचना*

नेपालमा राजतन्त्रको अन्त्यपछि स्थापना हुन पुगेको दलाल पुँजीवादी वा निगम पुँजीवादी राज्य संरचनाका विशेषता पुँजीवादको विशेषतासँग केही पनि मिल्दैन । यो नयाँ आवरणमा असाध्यै प्रतिगामी, राष्ट्रघाती र जनघाती रहेको छ । नेपालको विगतको राज्य प्रणाली घरेलु र देशीविदेशी प्रतिक्रियावादको आडभरोसामा सञ्चालित थियो । तर अहिले विदेशी प्रतिक्रियावादको शीर्षस्थानमा रहेको निगम पुँजीवादको पनि हस्तक्षेप रहँदै आएको छ । नेपालको अहिलेको पुँजीवादमा मुख्यतया निगम पुँजीवाद, नोकरशाही पुँजीवाद र केही हदसम्म सामन्तवादी पुँजीवादको सम्मिश्रण छ । त्यसैले यस्तो राज्यका नयाँ र फरक विशेषताहरू रहने गरेका छन् ।

निगम पुँजीवाद कुनैपनि राज्य संरचनाभन्दा माथि रहेको हुन्छ । यो विशुद्ध नाफाघाटामा चलेको हुन्छ । यो कुनै राज्यको नियन्त्रणमा रहेको हुँदैन । यसले कुनै पनि राज्यका सबै अवयवहरूलाई खरिद्छ वा आफ्नो अनुकूलतामा राख्दछ । यस्ता देशहरूमा आफूअनुकूल नियम, ऐनकानुन बनाउँछ । देशभित्रको साधनस्रोत आफ्नो नियन्त्रणमा लिनकालागि त्यो देशसँग व्यक्तिगत कम्पनीहरूको सम्झौता, सहमति गराउँछ । राज्य सञ्चालक, राजनीतिक नेता, नोकरशाहहरूलाई किन्छ । हिजोको साम्राज्यवादको जस्तो कुनै देशलाई युद्ध वा ध्वाँसद्वारा नभएर सस्तो मोलमा सन्धि-सम्झौता गरेर हडप्छ । आफूलाई चाहिने जनशक्ति उसैले बनाएको शिक्षा प्रणालीबाट उत्पादन गर्दछ । विगतका १८ वर्षसम्म लागू गरिएका शिक्षा प्रणालीको अध्ययन गर्दा उसले अदक्ष, दक्ष र अतिदक्ष जनशक्ति उत्पादन गरिरहेको छ । अदक्ष जनशक्ति शिक्षित त हुन्छ ।रोजगारी पाउँदैन । उसको आर्थिक उत्पादनमा कुनै भूमिका नरहने भएकाले आयपनि हुँदैन । दक्ष जनशक्ति निगम पुँजीवादद्वारा सञ्चालित कम्पनीहरूमा निम्न काममा केही समयकालागि कम बेतनमा काम गर्न बाध्य हुन्छन् । अति दक्ष जनशक्ति असाध्यै कम सङ्ख्यामा रहेका हुन्छन् । उनीहरूका सबै क्षमताहरू केही मूल्य दिएर खरिद गर्दछ । यस्ता जनशक्तिले उच्चखालको श्रम मूल्य पाउँछन् । तर तिनीहरू पनि केही समयपछि अवकाश लिन बाध्य हुन्छन् । यसरी विगतमा जस्तो उत्पादन प्रणाली निगम पुँजीवादको नियन्त्रणमा पुग्न गएको छ । राज्य त छतर त्यसलाई नियन्त्रण गर्ने अर्को निकाय बन्न पुगेको छ ।

*ख-आर्थिक प्रणाली*

यसरी नेपालमा अहिलेको आर्थिक प्रणाली हिजोको सामन्ती छैन । साथै पुँजीवादी पनि छैन । सामन्तवादी आर्थिक प्रणालीभन्दा पुँजीवादी आर्थिक प्रणाली प्रगतिशील हुनेगरेको थियो । यसले औद्योगिकीकरण गरेको गियो । यो राष्ट्रिय चरित्रको थियो । जब पुँजीवादले आफ्नो छुट्टै दर्शनको विकास गर्न सकेन तब उसलाई आफ्नै दृष्टिकोणको अभाव भयो । उसले सामन्तवादी दर्शन वा आदर्शवादी दर्शन अँगाल्न पुग्यो । यसबाट सामन्तवाद र पुँजीवादका बीचमा गठबन्धन हुन पुग्यो र साम्राज्यवादी पुँजीवादको जन्म भयो । लेनिनको पालाको साम्राज्यवादले आफ्नो रूप बदलेको छ । साम्राज्यवादजस्तै अहिलेपनि मरणासन्न, परजीवी, अतिकेन्द्रीकरण यो निगम पुँजीवादकाविशेषता रहेपनि देशमा सीमित रहेको छैन । उत्पादनका साधन, उत्पादन सम्बन्ध र उत्पादक शक्तिहरूमा फेरबदल आएको छ ।

*ग-उत्पादन प्रणाली*

अहिलेको नेपालको राजनीतिक र आर्थिक अवस्थाका बारेमा स्पष्ट भैसकेपछि यहाँ आर्थिक प्रणाली र त्यसमा आधारित उत्पादन प्रणाली कस्तो छ भनेर सहजै अनुमान गर्न सकिन्छ । राज्य प्रणालीले त्यहाँको उत्पादन प्रणालीलाई प्रतिबिम्ब गर्दछ । अहिले उत्पादनका साधनहरू दलाल पुँजीवादको हातमा रहेको छ । उत्पादन सम्बन्ध निगम पुँजीवादी राज्य व्यवस्थामा आधारित रहेको छ । त्यसैले पहिलो कुरा नेपालको प्राकृतिक साधनस्रोतको भरपूर उपयोग हुनसकेको छैन । दलाल पुँजीवादले उपयोग गरेकाले राष्ट्रिय उत्पादनमा यसको भूमिका न्यून रहेको छ । जतिपनि उद्योगधन्दा चलेका छन् यी सबैजसो विदेशी छन् । यहाँको सस्तो कच्चा पदार्थ र सस्तो श्रमको प्रयोग गरिन्छ । यहीँको बजारमा महँगोमा बेचिन्छ र पुँजी विदेश पठाइन्छ । त्यस कारणले यहाँका नयाँ, ठूला राष्ट्रिय उद्योगहरू खुलेका छैनन् । सामान्य शृङ्गारिक विकास भएको देखिन्छ । यसले राष्ट्रिय पुँजीको विकास हुन सकेको छैन । देशमा रोजगारी सिर्जना हुन सकेको छैन । अहिले शिक्षा र स्वास्थ्य क्षेत्रलालई पनि आर्थिक उत्पादनको माध्यम यस दलाल पुँजीवादले बनाइराखेको छ । एकातिर रोजगारीको सुनिश्चितता नहुनु, भएपनि उचित ज्याला नपाउनु, उत्पादनका साधनमाथि एकलौटी कब्जा जमाउनु दलाल पुँजीवादमा आधारित भएकाकारण उत्पादन शक्ति र उत्पादन प्रणालीका बीचमा इतिहासमा नै नभएको नयाँ खाले अन्तरविरोध सिर्जना भएको छ ।

*घ-वितरण प्रणाली*

पुँजीवादको वितरण प्रणाली असाध्यै असमान हुने भएकाले यसले वर्गहरूको जन्म गराउँछ । त्यसमा पनि अहिले नेपालमा विकृत पुँजीवाद रहिरहेको छ । विश्वभरि असमानताको खाडल गहिरिँदै गएको छ । निगम पुँजीवाद वर्तमान विश्व अर्थव्यवस्थाले भूमण्डलीकृत चरित्र बोकेको र यस पुँजीवादको विशेष पकड सूचना प्रविधिमा केन्द्रित भएकाले विश्व विकृत पुँजीवादका सबै विशेषताहरू नेपालमा पनि लागू भैराखेका छन् । नेपालको अहिलेको वितरण प्रणालीलाई हेर्ने हो भनेँ जमिन किसानको हातबाट सस्तो मूल्यमा निगम पुँजीवादीको हातमा पुगेको छ । नेपालका उब्जायोग्य, मनोरम पहाडहरू उनीहरूले कब्जा गरेका छन् । उनीहरूकै योजनामा समथर खेतीयोग्य जमिनहरूमा घडेरी र बस्ती बसाइएको छ । औद्योगिक क्षेत्र असाध्यै कम भएकाले त्यहाँ रोजगारी न्यून छ । कृषिलाई आधुनिकीकरण र औद्योगिकीकरण गरिएको छैन । यसले गर्दा बेरोजगारको सङ्ख्या बढेर गएको छ । यसले गर्दा घरबारविहीन, रोजगारविहीनहरूको सङ्ख्या बढ्दै गएको छ । राज्य पूरै अनुदारवादी भएकाले गाँस, बास, कपास, स्वास्थ्य र शिक्षा नेपाली श्रमजीवी जनताको पहुँचबाट टाढिँदै गएको छ ।

राज्य प्रणाली भनेको व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, अर्थप्रणाली, सुरक्षा क्षेत्रको समग्र योग हो । यी पाँचवटै क्षेत्र जनपक्षीय छैनन् । यस्तो प्रणालीभित्र रहेर कसरी समाजवाद लागू गर्न सकिन्छ । समाजवाद भनेको त समानता हो । सामाजिकीकरण, सार्वजनिकीकरण हो । अहिलेको यो राज्यमा सामाजिकीकरण, सार्वजनिकीरण र समानताका कुनै लक्षण छैनन् ।

हुनत केही मान्छेहरूले नेपालमा ‘मार्क्सवादी समाजवाद’ होइन ‘लोकतान्त्रिक समाजवाद’ लागू गर्न सकिने तर्क पेस गरेका रहेछन् । विश्वमा काल्पनिक समाजवादलाई सैद्धान्तिक रूपमा खण्डन गरिसकेपछि वैज्ञानिक समाजवादका विरुद्ध ल्याइएका हिटलरको फासिवादी समाजवाद जस्तै यहाँपनि लोकतान्त्रिक समाजवादको कुरा गरेका होलान् । यी कुनै समाजवाद अब सम्भव र भ्रम हुनुहुँदैन । अब त वैज्ञानिक समाजवादले मात्र यी सबै अन्तरविरोध र समस्याहरूको समाधान दिन सक्दछ ।

क्रमशः

# प्रचण्डले बारम्बार धोका दिए



लोकेन्द्र बिष्टमगर

*नेपालमा जनयुद्ध शुरु गर्नुपूर्व ग्रामीण वर्गसङ्घर्षकै दौरानमा गिरफ्तार भई ७ वर्ष जेल जीवन बिताएर रिहा भई भारतको पटनामा पुनः गिरफ्तार भएका लोकेन्द्र बिष्ट मगरले नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) मा स्थायी कमिटी सदस्य रहँदा नै प्रचण्डसँगको वैचारिक मतभेदका कारण राजिनामा दिएर बस्नुभएको छ। उहाँ नेपालमा पुनः नयाँ क्रान्तिकारी पार्टी निर्माण गरी क्रान्तिलाई अगाडि बढाउने अभिलाषा बोक्नुहुन्छ। अहिले नेपालमा क्रान्तिकारी पार्टीमा क. विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी सबैभन्दा क्रियाशील र सम्भावना बोकेको पार्टी मान्नुहुन्छ। माकेबाट राजिनामा दिनुका कारण र नेपालमा क्रान्तिकारी पार्टी निर्माणका विषयमा रातो खबर साप्ताहिकका निर्देशक गुणराज लोहनीले उहाँसँग लिएको कुराकानीको मुख्य अंश यहाँ प्रस्तुत गरिएको छ –*

» ***तपाईं एउटा क्रान्तिकारी पार्टीमा लागेर क्रान्तिकारी भूमिका निर्वाह गर्नुभयो। तपाईं पार्टीमा लागिसकेपछि दुईपल्ट जेल पर्दा पनि प्रचण्डजी प्रमुख नेता हुनुहुन्थ्यो। अहिले पनि त्यो पार्टी छ तर त्यो पार्टीलाई छोडेर तपाईं पार्टी मात्र होइन, प्रचण्ड अहिले जे गरिराख्नुभएको छ त्यसप्रति विमति राख्दै छुट्टै बस्नुभएको छ। यसको मतलब के हो ?***

यसको पहिलो कारण नेपालमा जनयुद्धको थालनी गरेर यहाँसम्म ल्याउने प्रचण्ड, प्रचण्डजीको नेतृत्व, उहाँका सहयोद्धा कमरेड र हाम्रो पनि हात छ। उपलब्ध उपलब्धि जो छन् ती पनि महान् सहिदहरू बेपत्ताहरू, घाइतेहरू, अपाङ्गहरू, मूल नेतृत्व र हाम्रो हात छ। तर अब नम्बर एक कुरा के भयो भने जुन लक्ष्य, उद्देश्यका साथ पार्टी लड्यो सबै लक्ष्य उद्देश्य पूरा नहुँदै फेरि बाटो डाइभर्ट भयो। हामीलाई आशा थियो यू टर्न हुन्छ। कतैबाट फेरि हुन्छ र क्रान्तिका बाँकी कार्यभार पूरा गर्न क्रान्तिमै डट्छ। फेरि कदम बढाउँछ भन्ने आशा थियो ममा। सायद अरूलाई कति थियो र छ मलाई थाहा छैन। त्यो आशा हुन्जेल त्यहाँ बसियो, भनियो, सोधियो। यही तालले कहिले हामी क्रान्ति पूरा गर्छौं त ! जुम्ला कारबाही, खारा कारबाहीपछि नेतृत्व अलि आतङ्कित भयो, मरिन्छ कि भनेर नेतृत्व डराएको आभास हुने भो। त्यसरी भइसकेपछि शान्तिप्रक्रियामा आउनुका दुईटा कारण भए : एउटा उपलब्ध उपलब्धिको रक्षा गर्ने, अर्को बाँकी कार्यभार पूरा गर्ने शान्तिपूर्ण रूपमा क्रान्तिको तयारी गर्न हो भन्ने हो उपलब्ध उपलब्धिको रक्षा गर्नु भनेको गणतन्त्रको सङ्घीयता, धर्मनिरपेक्षताको समानुपातिक समावेशी राजनीतिक प्रतिनिधित्वको रक्षा गर्ने कुरा हो। त्यसको रक्षा कति हुन्छ, देख्ने कुरा भयो र तपाईंहामीले क्रान्तिका बाँकी कार्यभार पूरा गर्ने यी बुर्जुवा केही कुरा पूरा भएका हुन्। यसलाई क्रान्तिकारी भने पनि भयो एउटा कोणबाट, अर्को कोणबाट बुर्जुवा भने पनि भयो, जस्तो गणतन्त्र पनि बुर्जुवा भयो। जस्तो सङ्घीयता ल्याउनका लागि जनयुद्ध लड्नैपर्छ भन्ने पनि होइन तर नेपालका सन्दर्भमा भयो भनौँ। अब क्रान्तिका बाँकी कार्यभार पूरा गर्न शान्तिपूर्ण ढङ्गले क्रान्तिको तयारी गर्ने भन्ने आइसकेपछि सदन र सरकारबाट सडकबाट त केही काम भएन। कहिल्यै केही भएन। हुनत खोज्यो तर नाचगानको टाइपको पनि भयो। नाचगानले त कहिले क्रान्ति हुन्छ र ? जस्तो छ दिने आन्दोलनमा नाचगान गरियो। प्रचण्ड कमरेड रेखा थापासँग नाच्नुभयो। ठीक छ त्यो 'माहौल' त्यस्तो थियो। मैले नेतालाई उडाउन खोजेको होइन, इलीबिल्ली पार्न खोजेको होइन। तर आउने मान्छेलाई आउन दिने भयो, नाच्ने मान्छेलाई नाच्न दिनुपर्‍यो। तर त्यो रूपमा राज्यसत्ता लिन सकिन्छ त ? सकिँदैन। त्यसो भएको हुनाले हाम्रो मुख्य उद्देश्य पूरा भएन र नेतृत्व अर्कैतिर डाइभर्ट भयो। नम्बर दुई, विचार र क्रान्ति सपनाको कुरा आयो। नेतृत्व डाइभर्ट भयो। सपना पनि बिस्तारै ओझेल पर्ने कुरा हो। पार्टीभित्र विचार, राजनीतिक, सैद्धान्तिक कुरालाई लिएर कहिल्यै पनि गहिरो प्रकारले प्रशिक्षण, स्कुलिङ भएन, टिचिङ, कोचिङको कुरा आएन। तेस्रो कुरा यो रूपमा आइसकेपछि क्रान्तिलाई धोका भयो। अर्को कुरा सङ्गठनात्मक रूपमा लथालिङ्ग भयो किनभने सङ्गठन गर्ने कुरामा जनतामा जानुपर्ने हो। जनतामा जानका लागि योजना, कार्यक्रमहरू जनता र गाउँमुखी हुनुपर्‍यो। 'एक्सनल' खालका हुनुपर्‍यो। त्यसका लागि मूल नेतृत्व नखटीनहुने हुन्छ। मूल नेतृत्व टिम खट्नुपर्ने हुन्छ। तर सदन र सरकारमा बसेर त्यहीँबाटै सबै कुरा भइहाल्छ भन्ने खालको जो जीवनशैली बन्यो, कार्यशैली बन्यो नि, त्यहाँबाट सङ्गठन गर्न जाने झेउलो गर्ने कुरा भएन। गर्नेहरूलाई पनि गर्न दिने भएन। त्यसो भएपछि के भयो भन्दाखेरि सङ्गठन पनि लथालिङ्ग भयो। अनि हिजोका कैयौँ लडाकु क्रान्तिकारी आस्थानिष्ठ बसेका, बाँचेका मान्छेहरू पनि बिस्तारै ओझेल पर्ने कुरा भयो। अथवा उनीहरू निष्क्रिय हुने भो। सेलाउने भयो। किनभने हुने काम हुँदैन, नहुने मात्र हुन्छ। जस्तो कि सरकार र सदनमा जानुभयो भने आफ्ना गुटका मान्छे, आफ्ना निजी मान्छे विभिन्न नातागोताका मान्छेहरूलाई पहिलो प्राथमिकता दिने कुरा भयो। पुरानो, पाको, इमानदार, लडाकु, त्यागी, बलिदानी, क्षमतावान् मान्छेलाई भन्दा मुख्यमुख्य नेताको डफ्फाका नातागोताहरू इष्टमित्रहरू, उनका 'यस मेन' हरू, दासहरूलाई मात्रै त्यसमा छान्ने कुरा भयो। त्यो कुरा पनि त ठीक होइन। ल, ठीक छ त्यस्तो दुःख गरेका मान्छेलाई पनि हाल्दे हुन्छ नि। त्यो त छैन, जस्तो अहिले हामीले गरेका छौँ। कतिपयले उठाउँदै भनेका छन्। सामाजिक सञ्जालमा यो समानुपातिक हो कि स्वास्नीपातिक हो कि, छोरीपातिक हो कि, बुहारीपातिक हो भन्छन् नि ! यो नातागोता पातिक के त भन्दाखेरि समानुपातिक र समावेशीको उल्लङ्घन र उपेक्षा त तीबाटै भयो नि ! यो खालको भद्दा क्रम जो गरियो यिनै कुराबाट के गरियो त भन्दा बचेखुचेको आस्था र निष्ठा पनि मर्‍यो। मर्दाखेरि एउटा क्षणमा क्रान्ति र इतिहासको एउटा क्षणमा प्रचण्ड कमरेड हाम्रो आदर्श बन्नुभयो। अब त्यो आदर्श भत्कियो र उहाँ आफैँले भत्काउनुभयो। भत्किसकेपछि बिग्रेको पार्टीको ठूलो नेता भएर बस्नुभन्दा सप्रेको पार्टीको समर्थक, शुभचिन्तक र सदस्य मात्रै हुनु पनि ठूलो कुरा हो भन्ने मान्यता अन्यथा हो जस्तो लाग्दैन। नामर्दकी श्रीमती हुनुभन्दा मर्दकी नोकर्नी हुनु बेस भन्ने छ नि ! त्यो भनेको के भने राम्रो पार्टी र नेतृत्व विचारको समर्थक र शुभचिन्तक सदस्य मात्रै हुँदाखेरि त्यो राम्रो हुन्छ। तर बिग्रेको, भत्केको एकदमै विकृतिको, विसङ्गतिको घरै बनेको फोहोरको डङ्गुर बनेको पार्टी र जमघटको ठूलो नेता हुनु भनेको त्यत्तिकै, अझ साङ्केतिक रूपमा आफू फोहोर भएको भन्ने पुष्टि हुन्छ। अनि फोहोर भएको पुष्टि गर्न, त्यसलाई अस्वीकार गर्न म एक्लै भए पनि अलग भएँ। मैले छोडिदिएँ। त्यसरी छोडेपछि अहिले म स्वतन्त्र माओवादी भएँ। उहाँहरू राजनीतिक हिसाबले, विचार, आस्था, निष्ठाका हिसाबले च्यूत हुनुभयो। स्खलित हुनुभयो। च्यूत भइसकेपछि त्यहीँ फन्को मार्नुपर्ने मैले औचित्य देखिनँ।

» ***यस्तो पार्टीभित्र जुन असाध्यै विकृतीकरण भयो त्यसको प्रतिवाद गर्नुभयो कि भएन ? गरेको भए कसरी गर्नुभयो ?***

पहिलो कुरा त त्यो पार्टीभित्र यसरी प्रतिवाद गर्ने, कुरो उठाउने संस्कारको अन्त्य भएको छ। दोस्रो कुरा, हामी केही मान्छेले कुरा उठायौँ, लिखित, मौखिक, सामूहिक उठायौँ। व्यक्तिगत उठायौँ। बैठकमा उठायौँ। छुट्टै भेटेर उठायौँ, लेखेर उठायौँ, बाहिर पनि उठायौँ तर त्यो कुरा सुनुवाइ भएन। सुनुवाइ गरे गरेजस्तो गर्ने, कुम हल्लाउने, टाउको चलाउने, जुँगा हल्लाउने कुरा भयो तर त्यसलाई कार्यरूप कहिल्यै दिइएन। जस्तो कसकसले उठाए भने मैले उठाएँ। आहुती र गोपालजीले पनि उठाउनुभयो। अरू साथीहरूले उठाउने कोसिस त गर्नुभयो तर कस्तो भन्दाखेरि सही बोल्न डराउने खालको वातावरण बन्यो। किनभने त्यहाँ अन्तरसङ्घर्ष नामको चीज पहिल्यै बितिसक्यो। कुनै चीज उठायो भने सात जुनीको पापजस्तो देखिन्छ। किन हुन्छ भने एकदम पूर्वाग्रह राखेर, इगो साधेर अलि परैसम्म नबोल्ने र अनि त्यसपछि देख्लास्, पख्लास् भन्नेखालको भित्रैबाट छुरा उद्याउने खालको हुन्छ। अनि त्यस्तो खालको गरेपछि मान्छे डराउने भइहाल्यो। कि त निस्कनुपर्‍यो नत्र भने कि त आत्मसमर्पण गर्ने दब्बु हुनुपर्‍यो। प्रभु भन्ने, हात जोड्ने, हात थाप्ने, केही थुकिदिएपछि चाट्ने नत्र भने ङिच्च परी बस्ने, त्योभन्दा अरू कुरा भएन। त्यसो भएपछि लडियो। थुप्रै प्रकारले लडियो। जस्तो ७१ सालको चैत १७ गते २१ बुँदे असहमति र समस्या समाधानको उपाय यी छन् भनेर पेस गरेँ। मैले अलि लामो छलफलपछि पनि नहुने देखेपछि पो स्थायी कमिटीमा थिएँ, स्थायी कमिटी भन्ने पद नपाएका साथीलाई दिनुहोस्। मलाई चाहिन्न यो। पार्टी सदस्य रहन्छु म, अहिले कहीँ जान्नँ तर यो स्थायी कमिटी भन्ने बिनाकामको पद मलाई किन चाहियो भनेर मैले फालिदिएको थिएँ। सात महिनासम्म केही पुछताछ भएन। सात महिनापछि बाबुराम निस्कनुभयो। बाबुराम निस्केको भोलिपल्ट उहाँले फोन गर्नुभयो राती। बाबुराम निस्कनुभयो, बिष्ट बस्नुपर्‍यो। मैले के भनेँ भने कमरेड यस्तो कुरा त होइन नि। सातसात महिनापछि, बाबुराम निस्केपछि आफैँ तपाईंले यस्तो कुराकानी गर्ने ? त्यो स्तरको नेताले, हाम्रो अभिभावकले बाबुरामको र मेरो दुस्मनी हो र यो पार्टीभित्र बाबुराम निस्केपछि बिष्ट पस्नुपर्ने ? बिष्ट निस्केपछि बाबुराम पस्नुपर्ने यो के कुरा हो ? मैले पेस गरेको २१ बुँदामा के छ, त्यो हेर्नुभएको छ कि छैन ? त्यो बुँदामा मेरो कुनै निजी कुरा छ ? कुनै नेताप्रति इङ्गित छ ? यो कसैसितको टसल हो र ? भनेँ। यो कुरा पूरा गर्ने, होइन भने यस्ता वाहियात कुरा नगर्नोस् भनेँ। उहाँले कुरा 'डाइभर्ट' गरेर होइन बिष्टजी, आउनोस् कमरेड, भेट्नुपर्‍यो। तपाईं र म बस्नुपर्‍यो भन्नुभयो। पहिलोपटक बसियो, दोस्रोपटक बसियो, तेस्रोपटक जाने बेला उहाँले भन्नुभयो, तपाईंले उठाएका सबै कुरा पार्टीका लागि हुन्, आन्दोलनका लागि हुन्। यहाँभित्र भएका विसङ्गति-विकृति हटाउनुपर्छ भन्ने कुरा मैले भनेँ। मलाई थाहा भयो, तपाईं फर्किनुहोस्। अहिलेसम्म संविधान बनाउन लागियो, पार्टी बनेन। अब पार्टी बनाउने हो। ल, पार्टी बनाउनका लागि मलाई साथ दिनुहोस्, फर्किनोस् भन्नुभयो। फेरि सेन्ट्रल कमिटीबाटै लोकेन्द्र बिष्ट कमरेडलाई उहाँले दिएको राजीनामा फिर्ता लिन अनुरोध गर्ने र यथास्थानमा आए र काम गर्ने भनेर निर्णय नै गरेछन्। यता वार्ता पनि भयो, कुरा पनि भयो। मलाई के लाग्यो भने पार्टी सेन्ट्रल कमिटीभन्दा म त ठूलो होइन। ठिकै छ, पार्टी बनाउँछन्, सुध्रिन्छन् भने ठीक छ। मलाई अरू के चाहिएको छ र ? क्रान्तिका लागि अगाडि जाने हो भने ठीक छ भन्ने प्रकारले सोचियो र म फिर्ता भएँ। तर मलाई पछि, यो वर्ष के लाग्दै गयो भने मैले फर्केर गल्ती गरेछु। म नफर्कनु पर्ने रहेछ। मलाई फेरि धोका दिए। त्यतिखेर प्रचण्ड कमरेडले पाल्सी कुरा गरे। भित्र अर्कै थियो तर बाहिर डेन्टिङपेन्टिङका कुरा गरे भन्ने लाग्यो। त्यसपछि पार्टी सदस्य राखिदेऊ। पार्टी सदस्य रहन्छु तर पद लैजाऊ भनेँ पहिले। अहिले पार्टी सदस्य पनि खाऊ, लौ म तिम्रो पार्टीमा बस्दिनँ भनेँ। यसरी म लामो समयसम्म लडेँ यो पार्टीमा।

नेपालको कम्युनिस्ट आन्दोलनभित्र एउटा दरो प्रश्न के छ भने कुनै पनि पार्टीभित्र कम्युनिस्ट निर्माण गर्ने विधि के हो ? समाजवादजस्ता चालचलनमा आएका छन्। जस्ता सोचविचार छन्। रबाफरबैया छन्। जस्ता चिन्तन शैली छन् त्यस्तै हुबहु आएर बन्छ न कि तिनीहरूलाई अलग ढङ्गले तालिम दिनुपर्छ। 'क्वालिटी अफ लिडरसिप' को 'ट्रेनिङ' दिनुपर्छ। के कम्युनिस्ट नेता हुनका लागि, कार्यकर्ता हुनका लागि कुनै ट्रेनिङ छैन ? कुनै प्रशिक्षण छैन ? कुनै नयाँ चीज साँचोमा ढाल्नु पर्दैन ? कुनै नयाँ चीज साँचोमा ढाल्नु पर्दैन ? हिजोका जिम्मवालका छोराछोरीले जस्तो गर्छन् उस्तै यहाँ कम्युनिस्ट हुने भए कम्युनिस्ट पार्टी किन चाहियो ? मैले यो प्रश्न डेढ दशकदेखि उठाउँदै आइरहेको छु। कम्युनिस्ट आन्दोलनभित्र मैले झन्डैझन्डै चार दशक बिताएँ। २३ वर्ष सेन्ट्रल कमिटीमा काम गरेँ। यो पार्टीभित्र मैले नेतृत्वप्रति, सहयोद्धाप्रति र यो पार्टीको नेता-कार्यकर्ताप्रति गरिने व्यवहार पूरै सामन्तहरूले गर्ने व्यवहार गरिन्छ। हो, त्यही कुरा दोहोरिन्छ भने यो पार्टी विघटन गरिदेऊ। के काम छ ? नयाँ सामन्त हामीलाई किन चाहियो ? नयाँ राजा हामीलाई किन चाहियो ? जस्तो उहाहरण म दिन्छु : मेरा सहयोद्धा हेमन्तप्रकाश ओली, उहाँ सहिदको बाबा पनि हो नि। उहाँ र म एउटै गाउँका हौँ। उहाँ र म एउटै ठाउँका, सँगसँगै जन्मेका हौँ। उहाँ एक वर्ष चानचुनले कान्छा हुनुहुन्छ मभन्दा। हामी सँगै कम्युनिस्ट आन्दोलनमा लाग्यौँ। सँगै माथि आयौँ। तर हामी दुईतीनवटा कुरामा सँगै भएनौँ। एउटा दलाल र गुलाम भएनौँ। अर्को पैसा बोकेर नेताहरूलाई कोसेली चढाउन जानेनौँ। गुण्डा, सुन्डमुसन्ड, कुन्द्रे, मुन्द्रे, जगल्टेहरूलाई आफ्नो रखबार, आफ्नो सेक्युरिटी बनाएर टेबुल ठोकेर मलाई यो दिने भए दे, नदिने भए यसो गर्छौं भन्न जानेनौँ। हेमन्त र मेरो यही कमजोरी त हो नि। यो गर्न सकिएन किनभने यो कम्युनिस्ट पार्टी हो। हामी त्यसो किन गर्ने भन्ने सोच्यौँ। हामीलाई गलहत्याएर फालियो। उनीहरू नयाँ सामन्त, नयाँ राजा, नयाँ जिम्मावालहरू हुन् भन्ने हामीलाई लाग्यो। हेमन्त पनि पार्टीभित्र नलडेको होइन। राम्रो अध्ययन गर्ने मान्छे हो। क्षमता भएको मान्छे हो। इमानदार मान्छे हो। हामीलाई त साइड लगाइयो। साइड लगाउन मूल रूपमा प्रचण्डको हात छ। त्यसपछि प्रचण्डजीको पछिल्लोपटक के छ भने उहाँ तीनचारवटा घेराभित्र हुनुहुन्छ। पहिलो घेरा परिवारको घेरा, दोस्रो घेरा लोभीपापीको घेरा, तेस्रो तस्कर, कमिसन, लुटाहा, शोसक, सामन्तहरूको घेरा, चौथो देशी, विदेशी प्रतिक्रियावादीको घेरा। अनि यो घेराभित्र रहीकन असल र हिजोदेखि उहाँलाई, पार्टीलाई र क्रान्तिलाई काँधमा थापेर आएका मान्छेलाई पूरै डिलिट गर्ने काम भइसकेपछि त्यो घेराले उहाँलाई खायो, पचायो र उहाँ रहनुभएन। उहाँ अहिले आएर एमालेमा विलय हुँदै हुनुहुन्छ। मैले यो कुरा किन राखेँ भने सन्दर्भवश अलिकति बाहिर त गएको छैन। एक खालको

... बाँकी पृष्ठ ४ मा



***खासगरी क्रान्तिकारी पार्टीलाई ध्रुवीकृत गर्नुपर्छ भन्नेतिरबाट म लागिरहेको छु। तेस्रो, पार्टी के हुन्छ त भन्दा म भोलि कुनै पार्टीमा लाग्छु कि लाग्दिनँ भन्ने कुरा विस्तारै सोचौँला, अहिले यत्ति। मेरो ऐतिहासिक काम हुन्छ यो। यो काम मैले गर्नुपर्छ। अहिले सबभन्दा क्रियाशील पार्टी भनेको नेपाल कम्युनिस्ट पार्टी हो भन्ने एक अर्थमा देखेको छु। यो कति पर जान्छ, यसले आफ्नो बाटो कति तय गरेको छ, त्यो अलिकति बुझ्न बाँकी छ। संसदीय धारमा एमाले र गैरसंसदीय धारमा नेपाल कम्युनिस्ट पार्टी सक्रिय देखिएका छन् भन्ने मैले बुझेको छु।***

# राजनीतिमा विचारधारात्मक बिम्ब निर्माणको प्रश्न



– समीर यात्री

'काङ्ग्रेसअचम्मकै जात रहेछ, त्यसलाई सङ्गठन गरिरहनु नपर्ने, सधैँभरि क्रियाशील भइरहनु पनि नपर्ने, अघिपछि सिद्धिएको जस्तो देखिने तर ऐनमौकामा उस्तैगरी जागिहाल्ने। हामी कम्युनिस्टहरू भने जिन्दगीभर पार्टी बनाउन मेहनत गर्छौं, नियमित बैठक गर्छौं, प्रशिक्षणहरू चलाइन्छ तैपनि पार्टीको अस्तित्व धान्न गाह्रो भइरहन्छ।'

बडो गजबको प्रश्न हो यो । हेर्दा सामान्य र महत्वहीनजस्तो लाग्ने यो प्रश्नले निकै गम्भीर मर्म र महत्व बोकेको छ । कुनै समय केही नामधारी वामदलका मित्रहरूसँगको बसाइमा ख्यालख्यालमै उठान भएको यो घतलाग्दो सन्दर्भमा केही रमाइलो कुराकानी भएको थियो । त्यस अवसरमा हाम्रो छलफलको विषय अरू नै भएकाले त्यता प्रवेश गर्‍यौं ।मलाई भने त्यही विषयले निरन्तर पछ्याइरह्यो ।

राजनीतिक आन्दोलनका हरेक ऐतिहासिक मोडहरूले समाज र सामाजिक मनोविज्ञानमा गहिरो छाप पार्छन् । त्यस्ता युगान्तकारी परिघटनाहरूले राजनीतिक व्यवस्थाको निरन्तरतामा क्रमभङ्ग मात्र गर्दैनन्, सामाजिक जीवनका सबै पहलुहरूमा समेत बहुआयामिक प्रभाव छाड्ने सामर्थ्य राख्छन् । कुशल राजनीतिज्ञले त्यस्ता प्रभावहरूलाई कुशल ढङ्गले सकारात्मक दिशामा व्यवस्थापन गर्दै उपलब्धिहरूलाई पुँजीकृत गर्छन्। त्यसले राजनीतिक आन्दोलनप्रतिको सामाजिक अपनत्व मात्र विकास गर्दैन, सामाजिक जीवनका सबै क्षेत्रमा पुनर्संरचनाका लागि विचारधारात्मक उत्प्रेरणासमेत प्रदान गर्दछ।

यही उत्प्रेरणाले राजनीतिक आन्दोलन र त्यसको नेतृत्वप्रति अटल आस्था, दृढ विश्वास र सम्मानभाव निरन्तर जगाइरहन्छ । त्यस्तो आस्था, विश्वास र सम्मानभाव अर्को पुस्तामा सर्दा त्यो इतिहासको गौरवमय विरासतका रूपमा परिणत हुन्छ। त्यसैमा गर्वानुभूति गर्नु नयाँ पुस्ताको संस्कार बन्न पुग्छ। यही नै राजनीतिको विचारधारात्मक बिम्ब हो । त्यसैले राजनीतिक आन्दोलनको भविष्य सुनिश्चित गर्ने कुरा विचारधारात्मक बिम्ब निर्माणसँग अभिन्न रूपले जोडिएको हुन्छ।

हाम्रो राजनीतिक आन्दोलन र यसको नेतृत्वले विभिन्न कालखण्डमा निर्वाह गरेको भूमिकालाई यो मान्यताको कसीमा राखेर हेर्न जरुरी छ । निरङ्कुश शासन व्यवस्थाविरुद्धको हाम्रो राजनीतिक आन्दोलनको इतिहासमा परिवर्तनको प्रवाहलाई गति प्रदान गर्ने प्रतिनिधि परिघटनाका रूपमा २००७ सालकोसङ्घर्ष, २०२८ सालको झापा विद्रोह, २०३६ र ०४६ को आन्दोलन, २०५२ देखि २०६२ सम्मको महान् जनयुद्ध र २०६२/०६३ को जनआन्दोलनलाई लिन सकिन्छ । यसबाहेक विभिन्न कालखण्डमा भएका किसान विद्रोहहरूको महत्वपूर्ण भूमिका पनि स्मरणीय छ।

यी सबै राजनीतिक परिघटनाहरूको आआफ्नै महत्व छ । इतिहास निर्माणमा यी परिघटनाहरूको भूमिकाको सन्दर्भ एक गम्भीर अध्ययन-मूल्याङ्कनको विषय हो तर विचारधारात्मक बिम्ब निर्माणका सन्दर्भमा २००७ सालयताका सबै राजनीतिक परिघटनाहरू असफल देखिएका छन् भन्ने कुरा बुझ्न थप अध्ययनको आवश्यकता छैन।

एक सय चार वर्षसम्म चलेको जहानियाँ राणाशासनविरुद्ध काङ्ग्रेसको नेतृत्वमा भएको सशस्त्र सङ्घर्षलाई नेपालको राजनीतिक इतिहासमा २००७ सालको सङ्घर्षका रूपमा चिनिन्छ। यद्यपि त्यो सङ्घर्ष त्रिपक्षीय दिल्ली सम्झौताका रूपमा भारतीय हितानुकूल टुङ्ग्याइएको थियोरनेपाली समाजको परिवर्तनको आवश्यकताविरुद्ध राणा, राजा र काङ्ग्रेसबीच सत्ताको भागबन्डा मिलानमा सीमित गरियो।

त्यसैले त्यो सङ्घर्षले अर्धऔपनिवेशिक र अर्धसामन्ती अवस्थाबाट नेपाली समाजलाई पुँजीवादी चरणमा उठाउने कार्यभार पूरा गर्न सकेन । त्यति हुँदाहुँदै पनि नेपाली समाजको राजनीतिक चेतनाको तत्कालीन सीमा र काङ्ग्रेस नेतृत्वमा रहेको गान्धी, नेहरू, पटेललाई आदर्श ठान्ने मनोवृत्तिको कमजोर धरातलमा जुन स्तरमा सशस्त्र सङ्घर्षको उठान भयो त्यसलाई एक ऐतिहासिक परिघटनाका रूपमा स्वीकार गर्नुपर्छ।

त्यसले सशस्त्र सङ्घर्षप्रतिको सकारात्मक धारणा स्थापित गर्‍यो । त्यस सङ्घर्षमार्फत प्राप्त उपलब्धिहरूलाई एउटा सीमासम्म संस्थागत गर्दै सशस्त्र सङ्घर्षमा होमिएका सेनानीहरूको ससम्मान पुनर्स्थापनामा ध्यान दिने काम भयो । सङ्घर्षमा होमिएका योद्धाहरू प्रजातन्त्रका सेनानीका रूपमा सम्मान पाउँदै बाँकी जीवन त्यही त्यागमा गर्व गरेर बिताउन सक्ने अवस्थामा पुगे । काङ्ग्रेसको नेतृत्वपङ्क्ति बीपी कोइराला, गणेशमान सिंहदेखि कृष्णप्रसाद भट्टराईसम्मकोजीवन त्यागपूर्ण रह्यो। उनीहरूको त्यागपूर्ण जीवनशैलीको प्रभावले पार्टीपङ्क्ति र समाजमा इमानदार कार्यकर्ता र शुभचिन्तकहरूबीच गहिरो छाप छोड्यो । त्यो छाप नयाँ पुस्तामासर्दा एउटा गौरवमय आदर्श बिम्बका रूपमा परिणत भयो। यसरी हेर्दा नेपाली काङ्ग्रेसएकहदसम्म राजनीतिमा विचारधारात्मक बिम्ब निर्माण गर्न सफल रहेको देखिन्छ। आज काङ्ग्रेसमा बीपी, गणेशमान र भट्टराईहरूको कुनै आदर्श बाँकी छैन। तर ऊ त्यही आदर्शको ब्याजले राजनीतिक अस्तित्व धान्ने प्रयत्न गर्दैछ।

२०२८ सालको झापा विद्रोह लक्ष्य प्राप्तिको दृष्टिले असफल रहे पनि हाम्रो राजनीतिक आन्दोलनको इतिहासमा यसले सङ्घर्षको नयाँ आयाम थपेको छ । दुई दशकदेखि कोठेगफ र कागजको पानामा कैद हुँदै आएको नयाँ जनवादी क्रान्तिको मार्गचित्रलाई कार्यान्वयन गर्ने प्रयत्नस्वरूप वर्गसङ्घर्षको ऐतिहासिक अभ्यास झापा विद्रोहमार्फत भएको तथ्य आफैँमा एउटा जिउँदो इतिहास बनिसकेको छ । सबै क्रान्तिकारीहरूका लागि यो एउटा ऊर्जा र प्रेरणाको स्रोत हो। झापा विद्रोहको त्याग, तपस्या र बलिदानको विरासतलाई क्रान्तिकारीहरूले पछ्याउँदै आएका छन्। यो विद्रोह प्रतिक्रियावादी राज्यसत्ता र दक्षिणपन्थी अवसरवाद दुवैका विरुद्ध परिलक्षित थियो।

प्रतिक्रियावादी राज्यसत्ताको भीषण दमन र कम्युनिस्ट आन्दोलनभित्रकै दक्षिणपन्थी अवसरवादको राजनीतिक आक्रमणको अगाडि यो विद्रोह टिक्न सकेन। त्यसको पछाडि विद्रोहको नेतृत्व तहमा रहेका केही सीमा र समस्याहरूले अवश्य काम गरेका थिए, यो अलग्गै मूल्याङ्कनको पाटो हो। योद्धाहरूको बलिदानको जगमा विद्रोहलाई नयाँ उचाइ प्रदान गर्न सक्नुपर्थ्यो, विद्रोहको राजनीतिक औचित्य पुष्टि गर्दै त्यसको वरिपरि व्यापक जनसमुदायलाई गोलबन्द गर्न सक्नुपर्थ्यो रदमनको प्रतिरोध गर्दै पूर्वको दावानललाई पश्चिमसम्म फैलाउन सक्नुपर्थ्यो, त्यसो हुन सकेन।

अन्ततः विद्रोहको विसर्जनसँगै पार्टी विघटन हुन पुग्यो । विद्रोहको नेतृत्व गरेका नेताहरू नै वैचारिक विचलनको सिकार हुँदै गए । कुनै बेला चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष कमरेड माओ हाम्रा पनि अध्यक्ष हुन् भन्दै झापा विद्रोहमा खुकुरी उज्याउने विद्रोही नेताहरू त्यसको आधा दशकमै महान् सर्वहारा सांस्कृतिक क्रान्तिलाई गलत ठहर गर्दै आफ्नो मार्गदर्शक सिद्धान्तबाट माओ त्से तुङ विचारधारा हटाउन पुगे रआफ्नै ऐतिहासिक कदम झापा विद्रोहप्रति नै पश्चात्ताप गर्दै घोर दक्षिणपन्थी बाटो समात्न पुगे।

यसरी माले, एमाले हुँदै सिंहदरबार छिरेपछि नेताहरू नवधनाढ्यमा परिणत हुँदै अन्ततः सामाजिक दलाल पुँजीवादी गिरोहमा पतन हुन पुगे । फाटेका चप्पल घिसार्नेहरू पजेरो-प्राडो संस्कारका संवाहक बन्न पुगे । गाउँका झुपडीबाट राजधानीका आलिसान महलमा पुगे। यसका निमित्त गर्नु-नगर्नु सबै गरे । साम्राज्यवादी मालिकहरूसामु दयाको भिक मागे र उनीहरूद्वारा दयादानस्वरूप प्रदान गरिएका एनजीओ/आईएनजीओहरूमा आफ्ना श्रीमतीहरू भर्ती गरे ।पार्टी कार्यकर्ताहरूलाई एनजीओ/आईएनजीओका कारिन्दामा बदले। इमानदार र निष्ठावान् कार्यकर्ताहरू बिचल्लीमा पर्दै गए । यसले झापा विद्रोहका सहयोद्धालाई पार्टी मुख्यालयमा झुन्डिएर आत्महत्या गर्नुपर्ने लज्जाजनक अवस्थामा पुर्‍यायो।

विद्रोहमा रगत बगाउने परिवारजनले पार्टी र नेतृत्वलाई धिक्कार्ने अवस्था आयो । इतिहासको गौरवमय आन्दोलनको स्वामित्व लिन त्यसको नेतृत्व तयार हुन नसक्नुको परिणाम त्यस विद्रोहको गौरवमय विरासत त ओझेलमा पर्‍यो नै, सशस्त्र सङ्घर्ष वा क्रान्तिको मान्यताप्रति नै अविश्वास पैदा गरिदियो । यसलाई पुनर्जीवित गरेर अगाडि बढाउन दुई दशकभन्दा बढी समय खर्चिनुपर्‍यो । आज झापा विद्रोहको गौरवमय विरासत इतिहासका टुटेका कडीहरूलाई जोड्ने सन्दर्भबाहेक अरू अर्थमा प्रभाव छाड्ने हैसियतमा छैन। यो स्थितिमा झापा विद्रोहमा योगदान पुर्‍याउने क्रान्तिकारीहरूले त्यसको गौरवमय विरासतप्रति गर्वानुभूति गर्नेगरी विचारधारात्मक बिम्ब प्राप्त गर्ने ठाउँ रहेन।

२०३६ र २०४६ सालका आन्दोलनहरू नेपाली काङ्ग्रेस र वामदलहरूको संयुक्त आन्दोलन भए पनि राजनीतिक नारा र नेतृत्वको हिसाबले त्यसको स्वामित्व नेपाली काङ्ग्रेसले एकल रूपमै ग्रहण गर्‍यो। पूर्ण उथलपुथल ल्याउने हैसियत भने माओवादी जनयुद्धले राख्यो । तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा २०५२ सालदेखि दस वर्षसम्म चलेको जनयुद्ध आफ्नो विकासको प्रक्रियामा समानान्तर सत्ता संरचना सञ्चालन गर्दै रणनीतिक प्रत्याक्रमणको चरणसम्म अगाडि बढ्यो। त्यसले इतिहासमै सबैभन्दा ठूलो राजनीतिक जागरण मात्र ल्याएन, सम्पूर्ण उत्पीडित वर्ग, लिङ्ग, क्षेत्र र समुदायलाई मुक्तियुद्धमा गोलबन्द गर्दै सचेत, सङ्गठित र फौजीकृत गर्ने कामसमेत गर्‍यो। इतिहासमै अभूतपूर्व त्याग, तपस्या र बलिदानका कीर्तिमानहरू कायम गर्ने होडबाजी पनि यसैबीचमा चल्यो।

जनयुद्धका एजेन्डासहित नेकपा (माओवादी) २०६२/६३ को ऐतिहासिक जनआन्दोलनमा प्रवेश गर्दा जनयुद्धप्रतिको जनताको आशा, भरोसा र विश्वास जनआन्दोलनमा प्रकट हुनपुग्यो। त्यसलगत्तै त्यो अभिमत पहिलो संविधानसभा निर्वाचनमा समेत अभिव्यक्त भयो। त्यसयता संविधानसभाको गलत अभ्यास र पटकपटकको सत्तारोहणले पार्टी नेतृत्वलाई अर्कै ठाउँमा पुर्‍यायो। पार्टी र क्रान्तिको कार्यभारलाई बेवारिसे अवस्थामा छाडेर पार्टी नेतृत्व संसदीय उठापटकीको भुलभुलैयामा रम्न थाल्यो । पार्टी गतिहीन र अस्तव्यस्त बन्न पुग्यो।

नेतृत्वमा आएको यो विचलनले आन्दोलनलाई अन्योलग्रस्त र दिशाविहीन बनाउनु स्वाभाविकै थियो । यही दिशाविहीन स्थितिमा नेता-कार्यकर्ताहरूलाई राजधानी र सदरमुकामको आरामदायी जीवनशैलीले आकर्षित गर्दै गयो । विशाल ग्रामीण भूभाग र जनाधारबाट अलग-थलग पार्दै लग्यो। यसरी राजधानी, सहर र सदरमुकामहरूमा पार्टीको मुख्य शक्तिकेन्द्रित हुने कुरालाई पार्टीनेतृत्वले जनविद्रोहको आवश्यकताका रूपमा परिभाषित गर्‍यो तर वास्तविकता अर्कै थियो। वैचारिक रूपले विचलित, पतीत र भ्रष्ट भइसकेको नेतृत्वले आफ्नो आचरणअनुकूल राजनीतिक यात्रा तय गर्नु स्वाभाविक थियो । तर क्रान्तिको नेतृत्व गरेर आएको पार्टीलाई एकैचोटि आफ्नो भ्रष्ट आचरणअनुकूल हिँडाउन सम्भव थिएन।

त्यसका निमित्त पार्टीपङ्क्तिमा रहेको क्रान्तिको प्रज्वलन निभाइदिन अनिवार्य थियो । पार्टीपङ्क्तिलाई भ्रष्टीकरण गरी लोभीपापी झुण्डका रूपमा बदल्दै दलाल संसद्वादी आहालप्रतिको सम्मोहनले लट्ठ्याउन आवश्यक थियो । भित्रभित्रै सडिसकेका प्रचण्ड-बाबुरामहरूले जनविद्रोहको आवरणमा सिङ्गो पार्टीपङ्क्तिलाई भ्रष्टीकरण गर्ने नियोजित षड्यन्त्र गरेका थिए भन्ने कुरा परिणामले पुष्टि गरिसकेको छ।

आफूले भन्ने गरेको जनविद्रोहको तयारीका योजना र कार्यक्रम बनाउनेतिर होइन, उनीहरूको सम्पूर्ण ध्याउन्न सरकारमा पुग्ने दाउमा केन्द्रित भइरह्यो। जनविद्रोहको हौवा पार्टीभित्रको क्रान्तिकारी मनोविज्ञानलाई उपयोग गरेर सत्तालिप्सा पूरा गर्ने पाखण्डबाहेक अरू केही हुन सकेन । लोभीपापीहरू नेतृत्वको वरिपरि चक्कर काट्दै रातारात मालामाल हुन थाले। नेताको चाकरी गर्ने वा उनीहरूको नाता पर्नेबाहेकको राजनीतिक भविष्य सुरक्षित हुन छाड्यो । त्यागी, तपस्वी, निष्ठावान र इमानदार बन्नु आफ्नै लागि अभिशाप हुने अवस्था पैदा भयो। यस्तो अभिशाप निष्ठावान् र इमानदार नेता-कार्यकर्ताहरूले भोग्दै आएको तथ्यबाट कोही अनभिज्ञ छैन।

जनयुद्धका घाइतेहरूको अवस्था अत्यन्तै दर्दनाक छ । शरीरको अङ्ग गुमाएर क्रान्तिमा योगदान पुर्‍याउने योद्धाहरू, उपचार गर्न नसकी शरीरमा गोलीका छर्रा बोकेर कष्टपूर्वक बाँचिरहेका क्रान्तिकारीहरू, क्रान्तिमै जीवनसाथी गुमाएका लाल-विधवा र विदुरहरू, काख रित्तिएका बा-आमाहरू र सहिदका टुहुरा नानीहरू सबैसबैको अथाह पीडा उसरी नै दुःखिरहेको छ आज पनि।

यही पृष्ठभूमिमा अन्तर्विरोध चर्कियो र पार्टी विभाजित भयो। एकीकृत पार्टी नेतृत्वले क्रान्तिको बाटो भुलेको र क्रान्तिलाई विसर्जन गरेको कुरा सत्य हो तर यसो भनेर मात्रै इतिहासले सुम्पिएको जिम्मेवारी पूरा हुन सक्तैन । भ्रष्ट र विचलित भइसकेको नेतृत्वमण्डलीसँग सम्बन्धविच्छेद गरी क्रान्तिको बाटोमा अघि बढ्न खोजिरहेका हामी इमानदार कम्युनिस्टहरूले आजसम्मको क्रान्तिको स्वामित्व लिँदै र प्रतिक्रान्तिबाट पाठ सिक्दै क्रान्तिप्रक्रियालाई विजयको बिन्दुसम्म पुर्‍याउने हैसियतमा आफूलाई उठाउन सक्छौं कि सक्तैनौं ? आज यसको जबाफ दिनुपर्ने ठाउँमा हामी उभिएका छौं, यो पनि सत्य हो।

दसबर्से जनयुद्धले नेपाली समाजमा पैदा गरेको तरङ्ग र उद्वेलनलाई आकार प्रदान गर्ने कुरा, त्यसले स्थापित गरेको बलिदानको संस्कृतिलाई पार्टी-जीवनको अभिन्न अङ्गका रूपमा विकसित गर्ने कुरा र जनयुद्धका समग्र उपलब्धिलाई संस्थागत गर्ने कुराको जगमा नै अबको क्रान्तिप्रक्रियाको दिशा निर्धारित हुने हो । प्रतिक्रियावादीहरू जनयुद्धलाई इतिहासको त्रासदीपूर्ण परिघटनाका रूपमा चित्रित गर्न प्रयत्नरत छन् । यसको उद्देश्य जनयुद्धको विचारधारात्मक बिम्ब निर्माणको आधारभूमि ध्वंस गर्नु हो, ताकि युगान्तकारी जनयुद्धको गौरवमय विरासतमा गर्वानुभूति गर्ने अवस्थाको अन्त्य होस्। त्यसैले क्रान्तिकारीहरूले हरसमय, हरघडी आफ्ना हरकदमको दूरगामी प्रभाव र महत्वलाई ठीक ढङ्गले ठम्याउन जरुरी छ । जनयुद्धको सर्वोच्च कमान्डरसहितको एउटा हिस्साले आफ्नै इतिहासको वीरतापूर्ण गाथालाई खरानी बनाइरहेको बेला देशीविदेशी प्रतिक्रान्तिकारी तत्वहरू अरू हौसिने र हौस्याउने उपक्रम बढ्दो छ। यो स्थितिमा सबै क्रान्तिकारीहरू गम्भीर भएर क्रान्तिको विचारधारात्मक बिम्ब निर्माणमा ध्यान केन्द्रित गर्न जरुरी छ।

आफ्नो राजनीतिक इतिहासमाकाङ्ग्रेस कमसेकम आफ्नो वर्गप्रति इमानदार रह्यो। तर हामी कम्युनिस्टहरू आफ्नो वर्गीय चिन्तन, दृष्टिकोण र अडानबाट विचलित हुने र आफ्नो वर्गप्रति गद्दारी गर्दै प्रतिक्रियावादी सत्ताको सेवा गर्न पुग्ने दुर्भाग्यपूर्ण नियति भोग्न अभिषप्त छौं । यो नियति बदल्नु आजका सच्चा कम्युनिस्टहरूको पहिलो दायित्व हो। यो दायित्व पूरा गर्न सकियो भने सजिलैसँग क्रान्तिको विचारधारात्मक बिम्ब निर्माण हुनेछ।

## प्रचण्डले बारम्बार ...

चरित्र वा प्रवृत्ति हुन्छ पार्टीभित्र । हामी भावनाले पार्टीमा लागियो होला । काम गर्दै जाँदा विचार विकास भयो होला। विचार पनि समातियो। विचार विक्षिप्त भएर लड्दैलड्दै जाँदा फेरि भावनाको किल भयो कि कतै भनेर पनि हेर्न कुरा भयो । त्यसैले यस रूपमा हेर्दाखेरि पार्टीभित्र खासगरी असहिष्णु प्रवृत्ति अन्तरसङ्घर्षको शून्यप्रायः कुरा, वर्गीय भावनाको अन्त्यको कुरा, आस्थानिष्ठाको कुरा, क्रान्ति, स्वतन्त्रता र मुक्तिको सपना निस्तेज भएको कुरा यसको प्रमाणका रूपमा पछिल्लो माओवादीका रूपमा त्यसलाई सुन्दर नमुनाकै रूपमा हेर्न सक्छौं । यतातिर सुन्दर भनौं वा भद्दा, त्यसरी हेर्न सक्छौं र त्यहाँ बस्नुको कुनै औचित्य छैन । त्यहाँबाट अझै पनि स्वाभिमानी, इमानदार, त्यागी, बलीदानी, जनयुद्धका राम्रा नेता-कार्यकर्ताहरूको अझै क्रान्तिप्रति, मार्क्सवाद, माओवादप्रति, सहिदका सपना पूरा गर्ने अभीष्ट राख्ने कोही हुनुहुन्छ भने उहाँहरूले बेलैमा आँखा खोल्नुपर्छ । दिमागको ढकनी खोल्नुपर्छ र उहाँहरूले नयाँ बाटो रोज्नुपर्छ। नयाँ बाटो कता हो, के हो त्यो खोज्नुपर्छ।

» ***अब के गर्नुहुन्छ त ?***

**अब गर्ने दुईवटा कुरा** : पहिलो कुरा, अहिले मेरा दुईवटा काम छन्। एउटा काम अध्ययन गर्नु छ। मैले नेकपा एमाले र नेकपा माओवादी केन्द्र भन्ने पार्टी जो छन् र यिनीहरूको जो एकीकरण हुँदैछ, यीबाहेकका कम्युनिस्ट पार्टीका बारेमा अध्ययन गरिरहेको छु। विप्लवजीले नेतृत्व गर्नुभएको पार्टी नेकपा, मोहन वैद्यले नेतृत्व गर्नुभएको क्रान्तिकारी माओवादी अनि मोहनविक्रमको पार्टी, त्यसपछि यता ऋषिजीहरू । त्यसपछि माओवादी केन्द्रबाटै निस्केका दुईजना कमरेडले छुट्टाछुट्टै पार्टी बनाउने अथवा पार्टीका लागि आधारभूमि तयार पार्ने प्रकारले एक ढङ्गले लागिराख्नुभएको छ। गोपाल किराँती र आहुती दुईजनाको पनि नजिकनजिकै छु र अध्ययन गरिरहेको छु। अध्ययनको सिलसिला छ मेरो। पहिले डकुमेन्ट हेर्ने, अर्को उहाँहरूसँग प्रत्यक्ष छलफल गर्ने जसबाट उहाँहरूको दिशा कता हो ? उहाँले गर्न के खेज्दै हुनुहुन्छ ? एउटा कुरा यो हो स्वतन्त्र अध्ययन।

अब अर्को कुरा, यो त्यति लामो चल्दैन। एउटा निश्चित समयसम्म चल्छ। त्यसपछि यी पार्टीहरूलाई एकीकृत गर्नुपर्छ भन्ने लागिरहेको छ । एक्लाएक्लै डम्फु बजाएर हुँदैन। मिल्नुपर्छ। मिल्न सक्ने कुरामा मिलाएर सकेसम्म पार्टीएकता, नभए कार्यगत एकता गरेर भए पनि अब दुईवटा धार हुने भयो । एउटा संशोधनवादी धार केपी ओली र पुष्पकमलको। उहाँहरू कम्युनिस्ट होइन, वामपन्थीसम्म भन्न पाउँला । पछि वामपन्थी पनि हुनुहुन्न उहाँहरू, कम्युनिस्ट त हुँदै होइन। केही समय वामपन्थी भनेर सुहाउने त हुनुहुन्छ । त्यो वामपन्थी पनि हुनुहुन्न। उहाँ र उहाँहरू अन्त्यमा हुने के हो त भन्दाखेरि सामाजिक प्रजातान्त्रि पार्टी र शक्ति हुन सक्नुहुन्छ। त्यसैले एउटा धार यो भयो संसद्वादी धार। अर्को धार क्रान्तिकारी। खास लेनिनवादी, माओवादी धारभित्र यी कम्युनिस्ट पार्टी, व्यक्ति र नेतृत्व जति हुनुहुन्छ नि, उहाँहरू र हामी सबै मिल्नु जरुरी छ । एकीकृत हुनुपर्थ्यो, ध्रुवीकृत हुने भयो । एउटा धार र ध्रुव त्यता संशोधनवादी धार र अर्को धार क्रान्तिकारी धार । त्यहाँ क्रान्तिकारी कोही छैन । क्रान्तिकारीले यो धार पकड्नुपर्‍यो। यहाँ किसान, मजदुर, सर्वहारा जनताका निम्ति लड्ने पार्टी को हो, उसले आफ्नो शक्तिले युनिफाइड गर्नुपर्‍यो । यहाँका राष्ट्रियता, जनजीविका मुद्दालाई लिएर लड्नुपर्‍यो । लड्ने भनेको हतियार उठाएरै लड्ने भन्ने हुँदैन। शान्तिपूर्ण ढङ्गले, सशस्त्र ढङ्गले लड्नुपर्ने हुन सक्छ। क्रान्ति, आन्दोलन र लडाइँ भनेको रहरले गर्ने चीज होइन, बाध्यताले गर्ने चीज हो । त्यसकारणले यो कामका लागि मैले आफूलाई लगाइरहेको छु। मेरो कति पुग्छ, सबै मैले गर्ने कुरा त भएन। तर मैले कमसे कम पनि आफ्नो शक्ति लगाएर अनुरोध गर्ने, नेतृत्वसँग भेट्ने, उहाँहरूलाई योयो आवश्यकता छ, तपाईंहरू जुट्नोस्। मैले मेरो ठाउँबाट के भूमिका निर्वाह गर्नुपर्छ। खासगरी क्रान्तिकारी पार्टीलाई ध्रुवीकृत गर्नुपर्छ भन्नेतिरबाट म लागिरहेको छु । तेस्रो, पार्टी के हुन्छ त भन्दा म भोलि कुनै पार्टीमा लाग्छु कि लाग्दिनँ भन्ने कुरा विस्तारै सोचौंला, अहिले यत्ति । मेरो ऐतिहासिक काम हुन्छ यो। यो काम मैले गर्नुपर्छ। अहिले सबभन्दा क्रियाशील पार्टी भनेको नेपाल कम्युनिस्ट पार्टी हो भन्ने एक अर्थमा देखेको छु। यो कति पर जान्छ, यसले आफ्नो बाटो कति तय गरेको छ, त्यो अलिकति बुझ्न बाँकी छ। संसदीय धारमा एमाले र गैरसंसदीय धारमा नेपाल कम्युनिस्ट पार्टी सक्रिय देखिएका छन् भन्ने मैले बुझेको छु। यी पार्टीले गरिखाऊन् भन्ने हो।

## श्रद्धाञ्जली व्यक्त

■ रातो खबर संवाददाता



जनगणतान्त्रिक सम्पर्क मञ्च समन्वय समिति नेपालले बर्दिया जनगणतान्त्रिक मञ्चको संस्थापक अध्यक्ष र निवर्तमान अध्यक्ष कमरेड कृष्ण रिमाल (विवश) को आमा तुलसी रिमालको यही २०७४ माघ १५ गते ७४ वर्षको उमेरमा भएको असामयिक निधनप्रति मञ्चका केन्द्रीय अध्यक्ष रत्न मगरले श्रद्धाञ्जली तथा कमरेड कृष्ण रिमाल र उहाँको सम्पूर्ण परिवारप्रति समवेदना व्यक्त गर्नुभएको छ।

आमा तुलसी रिमाल गम्भीर विरामी परी उपचारको क्रममा अस्पतालमा नै उहाँको निधन भएको थियो।

# आरसीपीका ६ सङ्कल्प

क्रान्तिकारी कम्युनिस्ट पार्टी संयुक्त राज्य अमेरिका (आरसीपी, युएसए) ले केही वर्ष अघिदेखि नयाँ संश्लेषण (न्यू सिन्थेसिस) लाई विश्वक्रान्तिको सैद्धान्तिक राजनैतिक अवधारणा भनी सार्वजनिक गरेको छ । नयाँ संश्लेषणको खोजकर्ता आरसीपीका अध्यक्ष बब अभाकियन हुन् । आरसीपीले आफ्नो पार्टीको विधान पनि न्यु सिन्थेसिसको आधारमा तयार पारेको छ । नयाँ क्रान्ति, नयाँ पार्टीले नयाँ संकल्प गरेर मात्र क्रान्ति सफल हुनसक्छ भन्ने मान्यता आरसीपीले राख्दै आएको छ । तिनै ६ वटा संकल्पहरुलाई हामीले यहाँ अंग्रजीबाट नेपालीमा भाषान्तरण गरी प्रकाशित गरेका छौं । (सं.)

२०१६, जनवरी १

**निर्णय १** : क्रान्तिकारी कामका ४० वर्षको अनुभवका आधारमा बब अभाकियनले अघि सारेको साम्यवादको नयाँ संश्लेषणले मानवताको मुक्ति र क्रान्ति गर्ने वैज्ञानिक विधिमा गुणात्मक प्रगतिको प्रतिनिधित्व गर्छ । यसले आजको विश्वमा अनिवार्य भएको नयाँ साम्यवादी क्रान्तिका लागि जग र प्रस्थानबिन्दु प्रदान गर्छ ।

जहाँ दमन हुन्छ त्यहाँ प्रतिरोध हुन्छ । जनसमूह आफ्ना दमनको अवस्था र दमन सञ्चालन गर्नेहरूका विरुद्ध लगातार उठ्दै जानेछ । परन्तु आधारभूत वैज्ञानिक सिद्धान्त र नेतृत्वबिना दमितहरूको विद्रोह दमनको स्रोत बनेको पद्धतिभित्रै त्यसै थन्किने र अवरुद्ध हुनेछ अनि जनसमूहमाथि लादिएको आतङ्क निरन्तर जारी रहनेछ । बब अभाकियनको नेतृत्व र नयाँ संश्लेषणले वैज्ञानिक बुझाइ र दमित जनसमूहलाई आवश्यक क्रान्तिका निमित्त चाहिने पद्धतिलाई प्रस्तुत र मूर्तीकरण गर्छ । जुन क्रान्तिको अन्तिम लक्ष्य भनेको आफैँलाई र अन्ततः समग्र मानव जातिलाई मुक्ति दिने साम्यवादी विश्वको निर्माण हो ।

बब अभाकियनले जोड दिएको नयाँ संश्लेषण हो : यसले साम्यवादको आजसम्मको विकासका क्रममा अस्तित्वमा आएको आधारभूत वैज्ञानिक विधि र पद्धतिका बीचका एउटा जटिल अन्तर्विरोधको तथा यसका प्रतिरोधमा सञ्चालित साम्यवादका पक्षहरूको गुणात्मक संश्लेषण प्रस्तुति र मूर्तीकरण गर्छ ।

अनि नयाँ संश्लेषणमा सबैभन्दा आधारभूत र सबैभन्दा आवश्यक भनेको एउटा वैज्ञानिक विधि र पद्धतिका रूपमा साम्यवादको संश्लेषण र थप विकास हो । अनि शोषण र दमनका सबै सम्बन्ध र तरिकाहरूलाई उल्ट्याउने र निर्मूल पार्ने सामान्य र विशिष्ट अवस्थामा क्रान्तिकारी सङ्घर्षका वैज्ञानिक विधि र पद्धतिको निरन्तर अभ्यास हो । यस विधि र पद्धतिले यस नयाँ संश्लेषणका सार तत्व र अपरिहार्य घटकलाई रेखाङ्कित र सूचित गर्छ ।

वस्तुगत यथार्थलाई बुझ्ने र रूपान्तरण गर्ने सबै वैज्ञानिक पद्धतिका रूपमा साम्यवादले निरन्तर विकास गर्नु जरुरी छ र नयाँ संश्लेषणका साथ यो गुणात्मक विकासमा प्रवेश गरेको छ जो पहिलेको भन्दा एक अग्रगामी छलाङका साथै केही महत्वपूर्ण मार्गमा खुसीको कुरा पनि हो । वर्तमानमा यसलाई बुझ्नु, यसमा सहमत हुनु भनेको असल क्रान्तिकारी कम्युनिस्टहरू तथा साम्यवाद र क्रान्तिका पक्षमा रहेको दाबी गर्नेहरू जो वास्तवमा होइनन् तिनीहरूका बीच अनिवार्य विभाजक रेखा हो । जस्तो १९७५ तिर कम्युनिस्ट हुनु भनेको माओ र उनले प्रतिपादन गरेको बाटाको अनुयायी हुनु थियो त्यसरी नै आज पनि कम्युनिस्ट हुनु भनेको बब अभाकियन र उनले प्रतिपादन गरेको नयाँ बाटाको अनुसरण गर्नु हो ।

**निर्णय २** : नेताका रूपमा बब अभाकियन दुर्लभ संयोजन गर्छन् : उनी एउटा यस्ता व्यक्ति हुन् जो विश्वस्तरमा वैज्ञानिक सिद्धान्त विकास गर्न सक्षम छ र साथै जसले धेरैजसो दमितहरूका साथ सघन आन्तरिक सम्बन्ध राखेको र गम्भीर रूपले बुझेको छ अनि जटिल सिद्धान्तलाई चिर्न र त्यो सबै जनसमूहलाई सहज प्राप्य बनाउन सक्ने उच्च क्षमता राख्दछ । बब अभाकियन क्रान्तिकारी सङ्घर्षका सबै जटिल आयामहरूमा गतिशील ढङ्गको रणनीतिक र कुशल नेतृत्व प्रदान गर्छन् । उनले कम्युनिस्ट नेतृत्वको कला र विज्ञानको राम्रो विकास गरेका छन् । जस्तो उनी भन्छन् : नेतृत्व र खासमा कम्युनिस्ट नेतृत्व, जस्तो मैले भन्ने गरेको छु- विचारमा केन्द्रित हुन्छ । सामान्यतः यसको अर्थ सैद्धान्तिक सारका रूपमा विचार होइन यद्यपि यस्ता मजबूनहरू, विशेषतः जहाँसम्म तिनले यथार्थ र त्यसको गति र विकासलाई सही रूपमा प्रतिबिम्बित गर्छन्, ज्यादै महत्वपूर्ण छन् । परन्तु चतुर्दिक (अल राउन्ड) अर्थमा यो सैद्धान्तिक निचोडमा निरन्तर आवश्यक परिमार्जन गर्ने योग्यताका रूपमा अभिव्यक्त नेतृत्वको विषय हो । साथै स्पष्ट रूपमा व्यक्त गर्नु, सञ्चालन गर्नु, अनि सक्रिय रहन र ग्रहण गर्न अरूलाई नेतृत्व गर्नु र आफैँमा क्रान्तिद्वारा साम्यवादका लक्ष्यतर्फ संसारलाई आमूल रूपमा रूपान्तरण गर्न दृष्टिकोण र विधि, रणनीति र योजना, नीति सञ्चालन गर्न पहल गर्नु हो । अनि निरन्तर अरूलाई सक्षम बनाउने यस प्रक्रियाका माध्यमबाट उसले सबै कुरा गर्ने आफ्नो क्षमताको गतिशील विकास गर्न आफैँलाई डोऱ्याइरहेको हुन्छ । कम्युनिस्ट नेतृत्वको सार यही हो ।



बब अभाकियनको साम्यवादको नयाँ संश्लेषणका विधि र पद्धतिले त्यसप्रकारका नेतृत्वलाई सम्भव बनाउँछ जसले अरूका निस्सासिने नेतृत्वबाट पर हटेर अपूर्ववर्ती बाटामा व्यापक स्तरमा जनताका नेतृत्व र सक्रियतालाई स्वतन्त्र गर्नसक्छ र गर्छ । कुनै रूपमा दासताविहीन संसारका निमित्त सङ्घर्ष गर्ने सबै बब अभाकियनका अनुकर्ता हुनुपर्छ र साम्यवादको नयाँ संश्लेषणलाई ग्रहण गर्नुपर्छ र त्यसै आधारमा मानवताका मुक्तिका लागि क्रान्तिकारी सङ्घर्षमा आफैँ नेता हुनुपर्छ ।

**निर्णय ३** : यो तथ्य हो कि आजका दुनियाँमा बब अभाकियनका क्षमताको क्रान्तिकारी नेतृत्व र साम्यवादको अहिलेको संश्लेषण दमित जनसमूह र मानवमुक्तिका कारणका रूपमा अद्भुत प्राप्ति हो ।

करोडौँका लागि बब अभाकियनको नेतृत्वको विषय र भूमिका ल्याउनु त्यसलाई सन्दर्भको बिन्दु र सामाजिक आकर्षणको वृद्धि उन्मुख शक्तिशाली ध्रुवका रूपमा निर्माण गर्नु समग्र क्रान्तिकारी प्रक्रियाका लागि अनिवार्य छ । क्रान्तिको आन्दोलन निर्माणमा रणनीतिक पद्धतिको सघन अभिव्यक्तिका रूपमा यसका नेतृत्व केन्द्रका रूपमा पार्टीका साथ हाम्रो पार्टीले यो नारा अघि सारेको छ : 'शक्तिले लड र जनतालाई क्रान्तिका निमित्त रूपान्तरण गर' र 'जमिन तयार गर, जनता तयार गर र अग्रदस्ता तयार गर, विजयको वास्तविक अवसरका साथ त्यस समयका लागि तयार होऊ जब करोडौँलाई क्रान्तिका लागि नेतृत्व गर्न सकिन्छ ।' यसको अर्थ हो पुँजीवादी साम्राज्यवादी पद्धतिको दमनात्मक र शोषणमूलक प्रकृतिलाई नङ्ग्याउनु र यसका मातहतका र स्पष्ट अन्तर्विरोधलाई जो शोषण र दमनका आधार हुन् क्रान्तिका माध्यमबाट मात्र समाधान गर्न सकिन्छ । जसको अर्थ हो यस पद्धतिका सबैभन्दा खतरनाक दुर्गुणहरूलाई सामना गर्न जन परिचालन गर्नु । यी अभिशापहरूलाई अन्तिम रूपमा समाप्त पार्न क्रान्तिका आवश्यकताहरू प्रकाशमा ल्याउँदा मार्गमा क्रान्तिका लागि शक्ति सञ्चय गर्नु जसको अर्थ क्रान्तिकारी परिस्थिति छिटो तयार गर्नका लागि निर्णायक प्रगतिका उद्देश्यले यस व्यवस्थाका अन्तर्विरोधहरूले तीव्र सङ्कटका रूपमा अभिव्यक्ति पाउँदाका क्षणलाई पक्रिनु हो ।

यस समग्र प्रक्रियामा हामी जहाँ जाऊँ र जेसुकै गरौँ हामीले गर्नुपर्ने सबैभन्दा महत्वपूर्ण कुरा हो बब अभाकियनका नेतृत्व र उनले अघि सारेको साम्यवादको नयाँ संश्लेषणलाई प्रोत्साहित र लोकप्रिय पार्नु । यो हाम्रा पार्टीको प्रथम मूल कदम हो जसले समग्रमा पार्टीका कामका लागि परिवेश र ढाँचा प्रदान गर्छ । यो नै क्रान्तिकारी कामको समग्र प्रभाव र हाम्रो पार्टीले लिएको सङ्घर्षको नेतृत्वदायी धार हो ।

**निर्णय ४** : क्रान्तिको तयारीका लागि चलिरहेको वैचारिक र राजनीतिक कार्यको पार्टीको नेतृत्वको मुख्य वाहक साधन यसको वेबसाइट हो REVCOM. US. यो हाम्रा पार्टीको दोस्रो मुख्य कदम हो । यस वेबसाइटले तत्काल र लामो समयका लागि गतिशील अभिमुखीकरण र नेतृत्व प्रदान गर्छ । यसले र पार्टीको पत्रिका रिसोल्युसनले बब अभाकियनका मुख्य कामलाई सम्मिलित गर्छन् । यसले विश्व परिघटनाको विश्लेषण गर्छ र तिनमा निहित घटनाका मुख्य गतिशीलता र अन्तर्विरोधलाई बाहिर ल्याउँछ । ती पुँजीवादी साम्राज्यवादी व्यवस्थाका आधार भूत प्रकृति र गतिशीलतामा कसरी आधारित छन् ? ती यस व्यवस्थालाई फ्याँक्ने र अघि बढ्ने सङ्घर्षसँग कसरी सम्बन्धित छन् ? भन्ने कुरालाई प्रकट गर्छ । यसले प्रमुख सामाजिक अन्तर्विरोधका सेरोफेरोमा भएका जनसङ्घर्षमा पार्टीका काम, पार्टीका मुख्य दस्तावेज र क्रान्तिका लागि आवश्य नेतृत्वदायी केन्द्रका रूपमा पार्टीलाई निर्माण गर्नमा महत्वपूर्ण लेखहरूका विवरणलाई समावेश गर्छ । यस वेबसाइटभित्र पत्रिकाले मूल भूमिका निर्वाह गर्छ । जस्तो बब अभाकियनले राखेका छन् : WWW.REVCOM. US/REVOLUTION NEWSPAPER ले समाज र विश्वका प्रमुख घटनाहरूको एउटा जीवन्त वैज्ञानिक विश्लेषण बाहिर ल्याउँछ । ती किन घटे ? भिन्न घटनाहरू र विकासहरू आपसमा कसरी सम्बद्ध छन् ? हामी बाँचिरहेका व्यवस्थासँग यो सबै कसरी सम्बद्ध छ ? यी सबै कुरासँग जनताको स्वार्थ कहाँ निहित छ ? क्रान्ति नै यी सबैको समाधान कसरी हो ? र त्यस क्रान्तिको लक्ष्य के हो ? क्रान्तिका लागि आवश्यक भिन्न दृष्टिकोण र कार्ययोजना सकारात्मक र नकारात्मक रूपले कसरी सम्बन्धित छन् ? अनि क्रान्तिको परिवेश निर्माण गर्न जनता कसरी बढ्छन् र बढिरहेका छन् ? Revcom.us/Revolution नै मार्गदर्शक हो धुरी हो, अघिल्तिर बढाउने, तालिम दिने, हजारौँलाई सङ्गठित गर्ने र करोडौँलाई प्रभावित गर्ने, लड्ने शक्तिका रूपमा जनतालाई बदल्ने निर्णायक साधन हो । क्रान्तिका लागि तीव्र पार्ने र तयार गर्ने जब हामी समग्रताका लागि जित्नका लागि सही अवसरसहित बढ्न सक्छौँ । यो वेबसाइट पहिलेदेखि नै शक्तिशाली छ तर REVCOM.US त्यस्तो वेबसाइट बन्नुपर्छ जो करोडौँका बीचमा पुग्छ र संवाद गर्छ र तिनीहरूलाई संसारलाई आमूल परिवर्तन गर्ने सोचाइ र आन्दोलनमा मार्गदर्शन गर्छ । साथै तिनीहरूलाई नेतृत्व प्रदान गर्छ जो पहिले नै क्रान्तितिर आकर्षित छन् ।

**निर्णय ५** : बब अभाकियनका दशकौँ लामो कामको संकेन्द्रण हो– उत्तरअमेरिकामा नयाँ समाजवादी गणतन्त्रको संविधानको निर्माण, उनले अघि सारेको साम्यवादको नयाँ संश्लेषणको प्रेरक अभ्यास । यो संविधान जो क्रान्तिकारी कम्युनिस्ट पार्टी अमेरिकाको केन्द्रीय कमिटीले २०१० मा ग्रहण गरेको थियो । यो नयाँ समाजवादी समाजका लागि लिखित दस्तावेज हो । मानव मुक्तिको कारण आधार भूत यो काम बब अभाकियनबाट लेखियो र उनीबाट मात्र लेखिन सक्थ्यो । आजको दुनियाँमा सामान्य तथ्य के हो भने अरू कुनै व्यक्ति वा समूह यस्तो विस्तृत, दूरदृष्टिकोणयुक्त, ठोस, आमूल मौलिक र मुक्तिमय समाजका लागि मार्गदर्शक कार्यढाँचा प्रतिपादन गर्न सक्षम होवैन । यो बब अभाकियन र उनको नेतृत्वका बारे विशिष्ट र अद्वितीय कामको सबल व्याख्या हो साथै संसारका जनसमूहका लागि अद्भुत महत्वको छ ।

**निर्णय ६** : बब अभाकियन क्रान्तिकारी कम्युनिस्ट पार्टी अमेरिकाका अध्यक्ष हुन् । अन्य पार्टी सदस्यजस्तै समग्र पार्टी सामूहिकतामा आश्रित छन् यद्यपि उनी पार्टीको नेतृत्व गर्न केन्द्रीय कमिटीबाट चुनिएका हुन् । साथै साम्यवादको नयाँ संश्लेषणका पहलकर्ता र शिल्पकार हुन् सोद्देश्यतः उनी पार्टीभन्दा महान् छन् । हाम्रो पार्टी उनकै साम्यवादको नयाँ संश्लेषणमा अडेको छ र अघि बढिरहेको छ भन्ने निश्चित छ । बब पार्टीभन्दा महान् छन् भन्नुको अर्थ पार्टी र उनका बीचका सम्बन्धको प्रमुख पक्ष हो । जस्तो कि हामीले उनका नेतृत्व र उनले अघि सारेको साम्यवादको नयाँ संश्लेषणलाई बढी जोड दिएका छौँ जसले साम्यवादी क्रान्तिको समग्र नयाँ स्थितिका लागि अमेरिकामा मात्र हैन, समग्र विश्वमा सैद्धान्तिक कार्यरूप, वैज्ञानिक विधि र पद्धति प्रदान गर्छ ।

(**अनु. –भगवानचन्द्र ज्ञवाली**)

## भण्डाफोर अभियान ...

सञ्चय बढ्दैन । निर्यात बढ्दैन । उपभोक्ता मात्र बढ्छन् । त्यसैले दलाल सत्ताको विकास भनेको झन् धेरै शोषण, झन् धेरै गरिबी र राष्ट्रघात हो भने मुट्ठीभर दलाल, कमिसनखोरको समृद्धि हो । त्यसले देशमा अस्थिरता र असन्तुष्टि बढाएर लग्छ । जनयुद्ध नेपाली समाजको वर्गीय टक्करको अनिवार्य परिणाम थियो । विदेशी अथवा साम्राज्यवादी षड्यन्त्र, दबाब र हस्तक्षेपका कारण गृहयुद्धमा संलग्न मुख्य परस्पर विरोधी शक्तिहरू गणतन्त्रवादी (माओवादी) र राजतन्त्रवादी (सेना) सत्ताबाट बाहिरिए । त्यसको अर्थ हो- समस्या यथावत् रह्यो । दलाल शक्तिहरू सत्तारूढ भए त्यसकारण विद्रोह, झडप, अस्थिरता, नेपाली समाजको अनिवार्यता हो । त्यसकारण समाज विकासको नियम, दिशा बुझ्ने, बुझाउने र पहलकदमी लिन जागरण अभियान सुरु गरिएको हो ।

नेपालमा ३ रूपका दलालहरू देखिएका छन् । काङ्ग्रेस, राजपा, फोरमलगायत लोकतान्त्रिक नाममा आएका दलाल पुँजीवादी दलहरू छन् । एमाले, माके कम्युनिस्ट नामधारी दलालहरू हुन् जसलाई हामीले 'सामाजिक दलाल' भनेका छौँ । अर्कोतिर 'राष्ट्रवाद' को नारामा पनि दलाल शक्तिहरू आउन सक्छन् । पूर्वपञ्चहरू, राजावादीहरू, कर्मचारी तथा सेनाका कैयौँ पक्षहरू हुनसक्छन् । जनतालाई कम्युनिस्ट शासन चाहिएको छ । एमाले-माकेलाई मतदान गर्छन् व्यवहारमा तब ती दलालहरू रहेछन् भन्ने थाहा हुन्छ । त्यसबेला मात्र जनताले खाल्डोमा परिएछ भन्ने बुझ्छन् । तर ढिलो भइसकेको हुन्छ । कम्युनिस्ट शक्ति बढ्दै गयो भने साम्राज्यवादले जनता-जनता लडाउने नारा दिन्छ । आर्थिक लगानी गर्छ । दलाल र बुख्याँचा ठड्याउँछ । जातीय, क्षेत्रीय नारा उराल्छ । कम्युनिस्टहरूको विरुद्ध कोन्ट्रा विद्रोही, सलवा जुडुमजस्तै नेपालमा अमेरिका र भारतको पाठेघरमा सीके राउतको गर्भधारण भएको छ । विश्वका समाजवादी-जनवादी क्रान्तिहरू हेर्दा क्युबामा आन्तरिक सङ्कटको कारण र चीन तथा रुसमा अन्तर्राष्ट्रिय सङ्कटको प्रभावमा क्रान्ति भएका थिए । नेपालमा दुवै प्रकारको सङ्कट देखिन थालेको छ ।

रोल्पाको इरिबाङमा सभा गर्न जाँदा जनता नै विद्रोहमा उत्रिए । ढुङ्गामुढा गर्न जनसमूह उत्रियो । अनन्तः चुनावी सभा नसकेर फर्किए । उता रुकुममा सहिद परिवारले जनार्दन शर्मालाई जुत्ता प्रहार गरे । यी सामान्य घटना होइनन् ।

प्रदेश सभा र केन्द्रीय सभा निर्वाचनको खारेजीपछि राष्ट्रिय राजनीति र शक्ति सन्तुलनमा परिवर्तन भएको छ । माघ पहिलो साता सम्पन्न पार्टीको छैटौँ बैठकले वर्गसङ्घर्षलाई अगाडि बढाउने सुझबुझपूर्ण नीति र पहलकदमी लिएको छ । हामी परिस्थितिलाई आफ्नो नियन्त्रणमा लिन चाहन्छौँ र माओवादी धारालाई सबल बनाउन चाहन्छौँ ।

निर्वाचनको एक महिना नेपालको राजनीतिक इतिहासमा रोचक रहेको छ । एक महिनासम्म लगातार हरेक दिन बम विस्फोट, धराप विस्फोट, भाटे कारबाही, जुलुस, चुनावविरोधी सभाहरू भए । इराक वा आफगानिस्तानको जस्तो चुनाव भयो । रोल्पाको इरिबाङसहित १२ स्थानमा जालीफटाहा र दलालहरूमाथि भाटे कारबाही भयो । देशभरि त्यस्ता कारबाहीहरू भए । कैयौँ वडा र गाउँमा शून्य मतदान भयो । कर्मचारी र उम्मेदवारका प्रतिनिधिहरूले दुईचार मतदान गरेर हातले लाज छोपिदिएर फर्के । नेकपाको उपस्थिति कम भएको स्थानमा माकेहरूले एकैजनाले ६० पटकसम्म मतदान गर्दा पनि उनीहरूकै नक्कली तथ्याङ्कमा समेत रोल्पामा ५२ प्रतिशत मतदान भयो । सुरक्षाकर्मी र माकेका दलालहरूले थबाङमा घरघरमा गएर धम्क्याउँदा, त्रसित गर्दा पनि उनीहरूकै शब्दमा ३८ प्रतिशत मात्र मतदान भयो । वास्तविकता के हो भने थबाङ मात्र होइन, सिङ्गो रोल्पा र जनयुद्धको आधारइलाका नेकपाका पक्षमा उभियो । दलालहरूका विरुद्ध उभियो । ११२ जना पक्राउ गर्दा थोरैबाहेक नेकपालाई गाँस र बास दिएका जनतालाई दुःख दिइयो । दमन, खानतलासी, जाँचपड्ताल जनयुद्धकै झल्को दिने गरी भयो । यता उदयपुरमा बलबहादुर मगर (एमाले कार्यकर्ता) समेत पक्राउ परे । वर्गविश्लेषण सही हुनु, दलविशेष नभएर दलाल विशेष निशाना भएका कारण दलहरू नेकपाप्रति आक्रामक देखिएनन् । भोजपुर, ट्याम्के-मयुम गापाको सर्वदलीय बैठकले औपचारिक रूपमा नेकपाका कार्यकर्तामाथि लगाइएको झूटा मुद्दा फिर्ता लिन प्रशासनलाई अनुरोध गऱ्यो । चुनाबी राप बढ्दै गर्दा संसदीय दलका नेताहरू नै भूमिगत भए । बाहन फेरेर हिँड्ने, प्रहरी पोसाकमा हिँड्ने, बाटो बदलेर हिँड्ने कार्यक्रमको स्थान र समय एउटा, प्रचार गर्ने अर्कै गर्ने, केन्द्रित सभा नगर्ने, गुपचुप हिँड्ने, अनेक प्रकारका भूमिगत शैली चुनावी नेताहरूले गरे । जनता दलालका विरुद्ध आक्रोशित थिए । रुकुममा जनार्दन शर्मा र नुवाकोट मनकामनामा हीरानाथ खतिवडालाई सहिद परिवारले जुत्ता प्रहार गरे । त्यस्तै आक्रोश देशभरि देखियो ।

नेकपा आवेग होइन, विवेकमा चलिरहेको छ । अहिले पनि दलाल पुँजीवादको मुख्य प्रतिनिधि दल काङ्ग्रेस नै हो । दोस्रोमा एमाले हो । त्यसैले नेकपा मुख्य दलालकै विरुद्ध सङ्घर्षरत छ तर नेकपासँग लड्न, सुराकी गर्न माके सबैभन्दा अगाडि आएको छ । हामीले माकेलाई पछाडि छोड्ने, माकेचाहिँ पाखुरा सुर्किंदै जोरी खोज्न आउने भएको छ । चुनावपछि अनन्त (झरीमान पुन) ले नेकपालाई दमन गर्ने तरिका आफूलाई थाहा भएको कारण गृहमन्त्री माग गरेको चर्चा छ । प्रचण्डले भयानक अपराधी योजना बुनिरहेको सूचना आएका छन् । यो संवेदनशील सूचना र व्यवहारको कारण र निदानका विषयमा नेकपा सचेत छ ।

यो निर्वाचन खारेज अभियानको सबैभन्दा ठूलो उपलब्धि भनेको दलाल पुँजीपति वर्गको नयाँ नायक प्रचण्डको हातबाट जनयुद्धको विरासत खोस्नु, क्रान्तिकारी धारा स्थापित गर्नु र जनयुद्धको शक्ति नेकपा हो भन्ने यथार्थ स्थापित गर्नुमा रहेको छ । वैचारिक, राजनीतिक रूपले नेकपा नै जनयुद्धको निरन्तरता र उत्कर्ष थियो । साङ्गठनिक रूपले पनि त्यो कुरा स्थापित भयो ।

धौलागिरि अञ्चलमा त नक्कली नेपाली मुद्रा देखिए । भारतीय र नेपाली मुद्राको खोलो बग्यो । गोरखाका माकेका एकजना केन्द्रीय सदस्य भन्छन्, "नारायणकाजीले नेपाली नोट बाँडेका थिए, बाबुरामले त आईसी नै बाँडे । नक्कली मुद्रा र नगदको खोलो चुनावपछि मूल्यवृद्धि र महँगीरूपी राक्षस बनेर आएको छ । त्यसकारण राजनीतिक दलालमाथिको कारबाही सही प्रमाणित भएको छ ।

आज विश्व आर्थिक सङ्कटतिर धकेलिएको छ । एकातिर अन्धराष्ट्रवाद तथा नाजीवाद बढ्दै गएको छ । अर्कोतिर साम्राज्यवादका विरुद्ध प्रतिरोध बढ्दै गएको छ । यस्तो बेला नेकपाले देशभक्त स्वरलाई बलियो आधार प्रदान गरको छ । यो चुनावको समयमा पनि त्यो प्रकट भयो । जनप्रतिरोधबाट आत्तिएको सरकारले नेकपासँग वार्ताको फन्टुस तर्क प्रचार गरेर भ्रम पार्न खोज्यो । विद्रूपीकरणको प्रयास भयो । त्यसलाई समयमै निस्तेज गरियो ।

कर्णाली अञ्चलका कतिपय स्थानमा जनता मतदान केन्द्रमा जान नमानेपछि सुरक्षाकर्मीलाई दुरुपयोग गर्न खोजियो । तर प्रहरीले मतदान केन्द्र र उम्मेदवारको सुरक्षा मात्र आफ्नो भएको, जनतालाई मतदान केन्द्रमा ल्याउने जिम्मा दलहरूको भएको जबाफ दिए । यो कुरा अर्थपूर्ण मनोविज्ञानको कुरा हो । जनता र कार्यकर्तालाई विद्रोह गर्न अपिल गरेर भित्रभित्रै पद र सुविधाको खेल खेल्ने राजेन्द्र कार्की (नवीन)

... बाँकी पृष्ठ ७ मा

# नबदलिएको राज्यसत्ता


सरला रेग्मी

*पछि थाहा पाएँ, हिरासतमा छुट्टै गृहस्थी जोड्नु पर्दोरहेछ। त्यहाँ पनि धनीको नास्ता, पानी, कपडा, उपचार, सरसफाइमा धनको रबाफ चल्दोरहेछ। सँगै बसेको गरिबले टुलुटुलु हेर्दोरहेछ। बन्दीहरूले किनेको पानी पिउन लाम लागेकापुलिस जवानहरू देखेर मलाई ताजुक लाग्थ्यो। उदयपुरको मगर बाबु र जुम्लाको हिक्मत बाबु त्यो चिसोमा पातलो टिसर्टमा हाँसिरहेका थिए। मलाई नेता भनेर मौका मिल्नासाथ समस्या दर्साउथैं। पछि नेकपामा लाग्ने कुरा गर्थे। कतिपयको घरबाट नियमित खाना आउँथ्यो। कपडा धोएर ल्याउने र लगिदिने हुन्थ्यो। मलाई पनि त्यही गर्न सुझाइयो।*

२०७४ सालमङ्सिर ४ गते सोमबार साँझ अँधेरो भएको थियो। दिउँसो मात्र बाँसबारी न्युरो अस्पतालमा उपचारमा गएका गुणराज सर आउनुभएको थिएन। म प्रतीक्षामा थिएँ। कसैले ढोका घरक्क खोल्यो। मैले गुणराजले हो कि भन्ने ठानैं। "हैन, बोलाएर त ढोका खोल्नु पर्दैन ? म डराउँछु भन्ने थाहा छैन ?", मैले भनैं।

तर कसैले हामी प्रहरी भनेपछि पो हेरैं। कोठाभित्र ३ जना पसेका थिए। बाहिर अरू पनि रहेछन्। मेरो हातमा भएको मोबाइलबाट हतारहतार गुणराजलाई "पक्राउपरेको" म्यासेज गरेर डिलिट गरिदिएँ। मलाई आफू गिरफ्तारीमा परेको भन्दा पनि गुणराज पक्राउमा परे कि भन्ने चिन्ता लाग्यो। उनी बिरामी छन्। चिसोमा उनको बिमारी अझ बढ्ने निश्चित थियो। यति बेलासम्म मेरो हातको मोबाइल आफूलाई प्रहरी भन्नेहरूको हातमा पुगिसकेको थियो। उसले मेरो मोबाइल शानसँग चलाइराखेको थियो। म टुलुटुलु हेर्न विवश थिएँ।

मनमनै सोचैं, यी कतै गुन्डाहरू त होइनन् अथवा कुनै अपहरणकारी वा व्यभिचारी ? यिनीहरूको न पोसाक छ, न त कुनै प्रमाणपत्र। यिनीहरूले न मलाई पक्राउ पुर्जी नै देखाए। मैले नाम र घर सोधे। भनेनन्। बरु ठूलोठूलो आवाजमा थर्काएर भने, "मान्यज्यू, तपाईंको छोराले ढाँट्यो। तपाईंहरू बम पड्काउँदै हिँड्ने !" उनीहरूले अङ्कितलाई पनि गिरफ्तार गरिसकेका रहेछन्। मैले नरम भएर एकै सासमा भनैं-"तपाईंहरूले तङग्गर्नुभयो। एउटा निर्दोष मान्छेलाई तपाईंहरूले सताउनुभयो होला। मसँग त यस्तो गर्नुभएको छ। म जनअधिकार अभियान नेपालकी केन्द्रीय सदस्य हुँ। यो मानवअधिकारवादी संस्था हो। अनि छोरो जागिरे छ। तपाईंहरू मेरो संस्थालाई बम देख्नुभएको छ कि मेरो छोराको जागिरलाई ? लिन आउनुभएको हो भने लानुस्। किन घरधनी र वरिपरिका मानिसका बीचमा रमिता गर्नुहुन्छ ? हैन भने जानुस् तपाईंहरू। छोरालाई अफिसबाट र मलाई कोठाबाट गिरफ्तार गरेर तपाईंहरूले खुबै बहादुरी गर्यौं भन्ने ठान्नुभएको होला।"

उनीहरूमध्ये केही बाहिर गए। केही मसँगै भित्र बसे। मेलै भित्र बसेकालाई सोधैं, "खै, तिमीहरूको प्रहरी भएको प्रमाण ? न त प्रहरी पोसाक छ, न त पक्राउपुर्जी। गुण्डाशैलीमा मजस्तो २-२ पटक विधायक भैसकेको मान्छेलाई यस्तो व्यवहार छ भने अझ सामान्य जनतामाथि कस्तो रबैया होला ? थुक्क, गणतन्त्र आएको यो मुलुकको दशा !"

माथिको आदेश हो माननीयज्यू भन्दै कर गरेपछि मैले कोठाको ताला लगाएँ। सडक र पसलहरू सुनसान थिए। "माथिको आदेश हो हजुर" भन्दै गाडी भित्र कोचेर मैतीदेवीतिर घुइँक्याए। फेरि माथिको आदेश भन्दै आँखामा पट्टी बाँधिदिए। गाडीमा कता घुमाए, थाहा भएन। मलाई दुवैतिरबाट पक्रेर निकैबेर हिँडाए। एउटा घरको ठूलो हलजस्तै बन्द कोठामा लगेर आँखाको पट्टी खोलिदिए। त्यहाँ साधारण पहिरनमा एक महिला थिइन्। तिनले चर्पीमा ढोका नलगाउन र झ्यालका पर्दा हटाएर बाहिर नहेर्न आदेश दिइन्। त्यो रात ती महिलाले पनि त्यही कोठामा बिताइन्। तिनले पनि आफ्नो नाम र ठेगाना भनिनन्। मैले हामी कहाँ छौं भनेर सोध्दा उत्तर दिइनन्।

दुईजना पुरुष आए। मैले नै भाइ भनेर सम्बोधन गरैं तर उनीहरूले पनि दिदी भन्ने गरेनन्, न त परिचय नै थिए। उनीहरू अलि भद्र र शिष्ट देखिन्थे। मैले सुरुमै भनैं, 'नेपालमा जनयुद्धद्वारा त्याग, बलिदान र निष्ठाको राजनीति स्थापित गर्न खोजेका थियौं। दलाली, चाकडी र पारिवारिक घेराबाट राजनीतिलाई उत्पीडित जनसमुदायको सरोकार र उपयोगी बनाउन खोजेका थियौं। जीवनभरि देश र जनताकालागि काम गर्नेहरू बिरामी पर्दा र अशक्त अथवा वृद्ध भएपछि व्यक्तिगत सम्पत्ति र परिवार खोज्नु नपर्ने मान्यता बसाउन खोजेका थियौं। यी कुराहरू भएनन्। अहिले म सक्रिय रानजीतिमा छैन। तर मलाई किन ल्याइयो ? मैले बुझ्न सकिनँ।'

मेरा यस्ता कुरा सुनेर उनीहरू छक्क परे। 'तपाईंजस्तो मान्छेले राजनीति छोड्नु नपर्ने माननीयज्यू! २५।२६ वर्ष, यही उमेर त हो जहाँ गरेपनि र जे गरेपनि ? गल्ती गर्नुभो!', एकजनाले भन्यो। उनीहरू पुलिसको माथिल्लो तहका हुनुपर्छ भन्ने मैले लख काटैं। मलाई समय बिताउनु थियो। मलाई दृढतापूर्वक आफ्ना तर्क राखेर जान उपयुक्त लाग्यो।

२०४६ सालदेखिको मेरो राजनीतिक यात्रा, जनयुद्ध, मेरो आयामजीसहित हजारौं साथीहरूको गिरफ्तारी र सहादत। हामीले लिएका मान्यता, अन्तरिम संविधान, संविधानसभा जसमा म पनि प्रतिनिधि थिएँ, जहाँबाट उत्पीडितहरूको निष्ठा त्याग, बलिदानलाई तिलाञ्जली दिएर राजनीतिमा खेलबाड गर्दै दलाल संसदीय राजनीतिमा मुख्य नेताहरू चुर्लुम्मै डुबेको थाहा पाउँदासम्म धेरै कुरा बिग्रिसकेको थियो। खैर जेहोस्, यो परिपाटीमा तपाईंहरू पनि खुसी हुनुहुन्न। कोही पनि खुसी छैनन्। जनयुद्धका कुरा छोडौं। संविधानसभाबाट पुँजीवादको विकास गरेर केही जनपक्षीय मान्यताहरू स्थापित गर्न सकिन्थ्यो। हाम्रा हिजोका मुख्य नेता भनाउँदाहरूले कुनै काम गरेनन्।

dgdg};f]r]Fol st}uf8fx¿ t xf]gg\cyjf sg}ckx/0fsf/L jf Jolerf/L < log\x¿sf] g kf];fs 5, g t sg} kdf0fkq . log\x¿n]g dnfO{ kqmfp kh{{g}b]vfP . d}n] gfd / 3/ ;f]W]. egg\. a? 7hf]7hf] cfjfhdf ysf{P/ eg] ædfGoHo", tkfO{sf]5f]/fn] 9f6\of] . tkfO{x¿ ad k8\sfpFb} lxF8\g] ÆUE pgLx¿n] c^lstnfO{ klg lu/^tf/ ul/;s]sf /x]5g\.

मैले यसो भनिरहँदा एकजनाले तपाईंलाई पनि मन्त्रीको प्रस्ताव गरिएको थियो रे भन्यो। मैले 'हो, म गइनँ' भनैं। '४ वर्ष भयो म पार्टीमा छैन। मलाई किन ल्याइयो ? म पार्टीमा पीबीएम हुन्थैं।हाम्रो पार्टीको कार्यक्रम र योजना यी हुन् भनेर तपाईंहरूलाई सुनाएको हुने थिएँ। गुणराज सर नेकपामा भएकै कारणले मलाई ल्याइएको हो भने तपाईंका छोराछोरी, श्रीमती, आमाबुबा विद्रोहीहरूले उठाए भने के हुन्छ ? तपाईंहरूले हिजोबाट पाठ सिक्नुपर्दैन ? लोग्ने जे छ, श्रीमती पनि त्यही हुनुपर्ने चिन्तनकै कारणले यस्तो भएको हो। मलाई लागेको थियो गणतन्त्र आएपछि प्रहरीले केही सिकेको होला। म २०४६ सालबाट निरन्तर हिँडेकी मान्छे। दुईपटक विधायक र सभासद् भएँ। ठिकै छ। मलाई ल्याउनुभो।'

म भने गुणराज सरलाई म्यासेज गरेपछि ढुक्क थिएँ। निदाइछु।

बिहान भएछ, अलि टाढाबाट पुलिसले कवाज खेलेको आवाज आयो। बाहिर हेर्न रोक लगाइएको थियो। आवाज रोक्न भने सकेनन्। कुनै एकलासको ठाउँमा भएको अनुभूति भैरह्यो। अब के हुन्छ होला? प्रश्न आफैंले आफैंलाई गरैं। कुनै उत्तरै नदिईकन थेरापीमा व्यस्त भएँ। मसँग बसेकी बहिनी आएर घर जान तयार हुन भनिन्। उनले फिजिकल सक्न भनिन्।

पुनः मेरा आँखाबाँधिए। मलाई चढाएर गाडी गुड्यो। मैले कमरेड आयामलाई सम्झिएँ। यसैगरी उहाँलाई पनि बाँधिएको थियो। मेरो टाउको दुख्यो। उल्टी होलाजस्तो भयो। शरीर पसिनाले भिज्यो। उल्टी गर्छु भनेपछि आँखाको पट्टी हटाइयो। लाजिम्पाट रहेछ। म सामान्य अवस्थामा आएँ। हिजो मसँग बहस गर्ने पुलिसहरू रहेछन्। केहीबेरमा तीनकुने प्रहरी वृत्तमा पुगिएछ। म झरेर दुईपाइला अगाडिबाट हेर्दा त्यहाँ गाडी र ती पुलिस देखिएनन्।

तीनकुने प्रहरीवृत्तभित्र तछोरो अङ्कित र माणिक लामा दाइलाई भेटैं। अङ्कितलाई छोड्नका लागि जमानी बस्ने मान्छे खोजिरहेको रहेछ। माणिक दाइ र मलाई गाडीमा बस्नभनियो। हामी बस्यौं। हामीसँग एकजना डीएसपी थिए। उनले चुनावसम्म छोड्दैनजस्तो छभने। 'मेडमलाई दरबारमार्ग सजिलो होला', उनले भने। मैले भनैं,'यो त गजब भो!' ५ गते तीनकुनेबाट कमलपोखरी हुँदै दरबारमार्ग प्रहरीवृत्तमा थुनुवापुर्जी हातमा थमाइयो।

४ नम्बर महिला हिरासतमा दोलखा शैलुङका असई सुवास ठोकरले हुले। ठुस्स कस्तोकस्तो गन्ध नाकमा आइपुग्यो। यो देशको सत्ता जस्तो छत्यस्तै रहेछ हिरासत। कुचो दिनुस् न ! उभिएर हाँसिरहेका मनिकान्त शाह नाम लेखिएका गार्ड जवानसँग मागैं। भुइँको एक कुनामा थुपारिएका कपडा बिछ्यौना बनाउन खोजैं। ती त कुनै डोजरले माटो उठाएर कपडामा मिसाएको जस्तो माटोको थुप्रो। चिसो र धुलोले घाँटी र नाक बजे। राती उडुसका लस्करसँग भलाकुसरी चल्यो। चर्पी त भित्र रहेछ। तर बस्नै नमिल्ने गरी टुटफुट सामान र फोहोरको थुप्रो। मन अनियन्त्रित भयो। नियन्त्रणबाहिरको मनले पेट हुँडल्यो। टाउको दुखायो। निद्रा लाग्ने त कुरै भएन। कारणबिनाको यो सजाय। कसैलाई केही भनेर दुःख बिसाउन पनि मन लागेन। हिजो पक्राउ परेका देशका सपूतलाई सम्झिरहैं। मन बलियो भयो। पछि थाहा पाएँ, हिरासतमा छुट्टै गृहस्थी जोड्नु पर्दोरहेछ। त्यहाँ पनि धनीको नास्ता, पानी, कपडा, उपचार, सरसफाइमा धनको रबाफ चल्दोरहेछ। सँगै बसेको गरिबले टुलुटुलु हेर्दोरहेछ। बन्दीहरूले किनेको पानी पिउन लाम लागेकापुलिस जवानहरू देखेर मलाई ताजुक लाग्थ्यो। उदयपुरको मगर बाबु र जुम्लाको हिक्मत बाबु त्यो चिसोमा पातलो टिसर्टमा हाँसिरहेका थिए। मलाई नेता भनेर मौका मिल्नासाथ समस्या दर्साउथैं। पछि नेकपामा लाग्ने कुरा गर्थे। कतिपयको घरबाट नियमित खाना आउँथ्यो। कपडा धोएर ल्याउने र लगिदिने हुन्थ्यो। मलाई पनि त्यही गर्न सुझाइयो। यो सबै तलतल शान्ता दिदी र एकराज दाइको कफी अनि दामोदरजीको थर्मस जवान मनिकान्त, पशुपति, रावल, धामी, सुनाखरीहरूको तातोपानी र मायाले मेटाइदियो। वर्गीयमाया त यहाँ पनि हुँदोरहेछ।

तेस्रो दिन जनअधिकार अभियान नेपालकाअध्यक्ष तथापूर्वसभासद् एकराज भण्डारी,पूर्वसांसदवाङ्छे शेर्पापूर्वमन्त्री देव दाइ, दामोदर घिमिरे, कपिल, पुन्यखतिवडा, खगेश्वर ज्वाइँसाब, प्रकाश अवाले सरसँगको भेटघाटले सहज बनाएको थियो।

एक सातापछि चिसोले असाध्यै सतायो। फोहोरले आफूलाई आफैंले घिन मान्यो। ज्वरो आयो।नाकमा सानो कुलो हुँदोरहेछ। कुलुलुलु बग्यो। सुरुवाल नै रुमाल बनाएँ। इन्सपेक्टर युवराज खतिवडा आमा, बुबा भेट्न आउनुभएन भनेर जिस्क्याउँथे। मैले भेटेर जानुभयो भनेपछि 'ऊः ढाँट्नुहुन्छ' भन्थे। उनी दिनदिनै कुनै न कुनै बहानामा सधैं आउन थाले। पछि त उनी नआउँदा केहीकमी भएको जस्तो लाग्थ्यो।

१३ गते एआईजी जयबहादुर चन्द बन्दी हेर्न आएका थिए। उनीसँग मलाई झूटो मुद्दामा किन फसाइयो भनैं। उनले राजनीति गर्ने अनि डराउने ?भनेर थर्काएको भाव बोलेका थिए। मैले म किन डराउने तपाईंहरूले झूटा मुद्दा लगाएको पो भनेको भनैं। १८ गतेकविता पुनका भाइ र बुहारी राम पुनमगर र रेनुका पुनमगरलाई गिरफ्तार गरेर ल्यायो। २२ गते मलाई म्याद थप्न लग्यो। माणिक दाइधरौटीमा छुटे। २४ गते कान्छो छोरो ओजोनको जन्मदिन। हिरासतमैछोरालाई बोलाएर केक ख्वाएर जन्मदिन मनाइयो। गिरफ्तार भएको २५ दिनपछि २६ गतेका दिन तारेखमा छुटैं। त्यो दिन आजभन्दा ठीक १६ वर्षअघि कमरेड आयामलाई बेपत्ता पारिएको थियो। त्यसपछि उहाँ कहिल्यै फर्किनुभएन।

## कविता

# लाल चख्लाका लाल फतुवा


- निभा शाह

माओलाई मृत्युदण्ड दिऊँ
माओलाई मृत्युदण्ड दिऊँ !

आऊ, यो लाल चख्लामा
लाल फतुवा जारी गरौँ
माओलाई मृत्युदण्ड दिऔँ
म हुँ लाल जुडास !
यी प्रभुवचन कसका हुन् ?

जनयुद्धमा
गुमेका हातहरू खोज्दै हिंड्ने
बिर्खे छापामार
नैतिकताको परिभाषा दिंदै हिंड्थ्यो
लालपुर्जा बोकेर हिंड्ने यो
दुनियाँमा
केको नैतिकता ?
नैतिकता त हामीजस्ता
ठूला ठूला आलुहरूलाई
बन्दुक बोकाउने
कुँजो बनाउने
आँदो बनाउने
प्रभुवचन मात्र हुन्।

यही बिर्खे छापामार
पेटारो सुकेपछि
अर्धपागल भएर
कर्णाली पसी मर्‍यो।

पासोलाई मर्नका लागि
हात चाहिन्छ
बिर्खेसँग पासो लगाउने हात
थिएन
बिर्खे हात नपाई
कर्णाली पसी मर्‍यो
बिर्खे मर्‍यो ?
वा
लाल चख्लाको लाल फतुवामा
पर्‍यो।

म गमिरहेछु
म लेखिरहेछु !

अब सेता बाघहरू
सेता दरबारबाट जन्मिँदैनन्
अब सेता बाघहरू
लाल दरबारबाट फुत्त-फुत्त
जन्मिसके।

जबसम्म निख्खर रातो रङ
आगो भएर जन्मिँदैन
उज्यालो भएर जन्मिँदैन
तबसम्म
कोलम्बस पेन्टले रङ्गिएको
लाल दरबारको गर्भाशयबाट
जन्मिरहनेछन्
फुत्तफुत्त सेता बाघहरू।

सेताका बाघका
नवसंस्करण
सकुनी बाघहरू।

र त
लालपुर्जाको यो दुनियाँमा
साई छिया
गोसाई आया
भुइँ मान्छेको जीवन
जसो छियो उसै रह्यो
यिनको न जीवन बदलियो
न मृत्यु !

हेर त !
ब्यान्दिलै गोसाइँको कुकुर
भोटो लाएर मर्निङवाक गर्दै थियो
त्यही बिहान चिसा सिरौटाले
चौँठ्या मर्‍यो
चौँठी मरी
रामजनम चौधरी मर्‍यो
फूलमतिया मरी
लालु मर्‍यो
लालमनिया मरी
अब्दुल मर्‍यो
अमिना मरी
यिनको मृत्यु
न समाचार बन्यो
न संवेदना बन्यो
जनगणनामा भोट हाल्ने
भेडा बाख्रा थिए
मरे त मरे
भेडाबाख्रा मरे !

यो बधशालामा
बधिकहरूका लागि
दुईखुट्टे भेडाबाख्राको मृत्यु
न समभाव
न समवेदना !

यो बधशालामा जुन दिन
चिसा सिरेटाले
दुईखुट्टे भेडाबाख्रा मरे
त्यो दिन
सहिद दिवस थियो।

यता जिगलोको हाउस
सिंहरदरबारमा
जिगलोहरूले
सहिदहरूलाई
मृत्युदण्ड दिँदै
सहिद दिवस मनाइरहे
उता चिसा सिरौटाले
भुइँमान्छेहरू मरिरहे।

मरे त मरे
यो बधशालामा
चिसा सिरौटाले भुइँमान्छे मरे।

हेर त ! मध्यपहर
गोसाइँको कुकुर
मिनरल वाटर खाँदै थियो
त्यही पहर
स्लाइन पानी नपाई
उँदाउँवा पडी
आइते मर्‍यो
डोल्मा मरी
यिनको मृत्यु
न समभाव बन्यो
न संवेदना बन्यो।

यी जनगणनामा
गणतन्त्र ल्याउने
दुईखुट्टे भेडाबाख्रा थिए
मरे त मरे
यो बधशालामा
गणतन्त्र ल्याउने
भेडाबाख्रा मरे।

यो दिन गणतन्त्र दिवस थियो
यता जिगलो हाउस
सिंहदरबारमा
जिगलोहरूले
सेतुहरूलाई मृत्युदण्ड दिँदै
हँसिया हथौडा उचाली
लाल सलाम लाल सलाम बोलिरहे
गणतन्त्र दिवस मनाइरहे
उता उँदाउँवा परी
भुइँमान्छेहरू मरिरहे।

मरे त मरे
यो बधशालामा
उँदाउँवा परी
गणतन्त्र ल्याउने भुइँमान्छे मरे।

हेर त !
सम्साँझै अजीर्ण भएर
गोसाइँको कुकुर
ओकाई ओकाई
काँड परेर मर्‍यो
त्यहीँ साँझ
पेटारो सुकेर
दिलबहादुर रम्तेल मर्‍यो
लली रोका मरी
कृष्ण सेन मर्‍यो
चुनु मरी।

त्यो दिन
जनयुद्ध दिवस थियो
यता
यो बधशालामा
ख्रुस्चेभहरूले
माओलाई मृत्युदण्ड दिँदै
माओवाद- जिन्दावाद भन्दै
जनयुद्ध दिवस मनाइरहे।

उता पेटारो सुकेर
कृष्ण सेनहरू मरिरहे
यो कुनै आठौँ आश्चर्य भएन।

सिद्धान्त बिस्कुन लागेको यो
देशमा
हिजो भर्खर मालिकको कुकुर
काँड परेर मर्‍यो
उसका मलामी हजारौँ थिए
हिजो भर्खर
कृष्ण सेन पेटारो सुकेर मर्‍यो
उसका मलामी
दुईचार वटा भेडीपाठा थिए
यो पनि कुनै आठौँ आश्चर्य
भएन।

जनगणनामा रेमिट्यान्स बोक्ने
कमरा भेडाबाख्रा
खाडीतिर जो छन्
आठौं आश्चर्य त यो पनि भएन।

जनयुद्धमा
कुँजो भएको बिर्खबहादुर
हात खोज्दै हिंड्थ्यो
छापामार बिर्खबहादुरका हातहरू
सिंहदरबारका काँटाचम्चा भए।

संसद् भवनका जिगलोहरू
बिर्खबहादुरका हातहरूले
गणतन्त्र, सङ्घतन्त्र, राष्ट्रियसभा
समानुपातिकका स्वादहरू चाख्छन्
कुँजो बिर्खबहादुर माटोमुनि आगो
भयो।

अब सबै भेडीपाठाहरूलाई
दुईखुट्टामाथि
चारखुट्टाको टाउको फाल्नु छ
अब दुई खुट्टामाथि दुई खुट्टाको
टाउको लाउनु छ।

अब यिनलाई मान्छे हुनु छ
ती किन मरे ?
मर्नुको अर्थ खोज्नु छ।

०००

**फुटनोटः**
साई - श्रीपेच लाउने मालिक
गोसाइँ - श्रीपेच नलाउने मालिक
छियो - थियो
काँड - अचानक गाईवस्तुहरू मर्नु, व्यथा के थियो पत्ता नलाग्नु।
ओकाई - वाक्वाक् गर्नु
उँदाउँवा - झाडावान्ता
जिगलो - पुरुष बेश्या
ब्यान्दिल - मिरमिरे
जुडास - जेससलाई बचेर सूली चढाउने जेससको चेलो
लाल चख्ला - रातो बेश्यालय
लाल फतुवा - रातो मृत्युदण्ड

(रोजाका यी शब्दहरू क्र(ान्ति छ, क्रान्ति थियो, क्रान्ति रहनेछ। यही भावमा १२५ औँ माओदिवसको सन्दर्भमा माओमा समर्पित)

## भण्डाफोर अभियान ...

जस्ता राजनीतिक वेश्याहरूले सङ्खुवासभासहित कयौं स्थानमा घरघरमा प्रहरी बोकेर छापामार्न गए। उनलाई दण्डित गर्नुपर्ने देखिन्छ। उनको विषयमा तल्ला समितिले धेरै अघिदेखि नकारात्मक सूचना दिइरहेका थिए। नेता-कार्यकर्ताका प्रवृत्तिहरू बुझ्ने, तल्लो समितिका सूचनालाई गम्भीरतापूर्वक लिने कार्यमा कमजोरीहरू भएको देखियो। मार्ता हार्नेकरको भनाइअनुसार 'कार्यकर्ताको मूल्याङ्कन पार्टीमा उसको भूमिका हेरेर होइन, जनतासँगको उसको व्यवहार हेरेर गर्नुपर्छ' भन्ने रहेको छ।

कृष्ण सिटौलासँग चुनाव खर्च माग्न आएका काङ्ग्रेसी कार्यकर्ता ढोकाबाट निस्कँदै गर्दा बम विस्फोट भएपछि भाग्दै गर्दा उसैलाई समातेर प्रहरीले मुद्दा लगायो। यस्तो छ नेपाल प्रहरीको कार्यशैली। चुनाव प्रचारविरोधी अभियान र विद्रोहमा आन्तरिक व्यवस्थापनका समस्या र असमानताका समस्या पनि देखिए। जाडोमा नाङ्गै हिँडेको राउटेलाई कसैले सोध्यो, "ए दाइ ! तिम्लाई जाडो हुन्न ?' राउटेले भनेछ, 'छ लुगा छ जाडो; छैन लुगा छैन जाडो नानी।' यस्ता पीडा र मनोविज्ञानलाई पार्टीले सच्याउनुपर्ने देखियो।

जुम्लाको पातरखोलामा सेना र सशस्त्र प्रहरीले ज्यादती गरे। त्यहाँ जनयुद्धमा समेत त्यस्तो दमन भएको थिएन। अनौठो कुरा त्यहाँ पुगेको सेनाले माकेका नेतालाई समेत गाली गर्दै छापामार्दै गरेका थिए। समग्रमा जनता र दलाल सत्ताको बीचमा अन्तर्विरोध बढेको छ। काठमाडौंमा बाटोमा राखेको बम सशस्त्र प्रहरीले कसैको घरमा काम गर्न बसेकी महिला (घरेलु कामदार) लाई उठाउन लगायो। सायद त्यो महिला मरोस् र भाडाका मान्छे प्रयोग गरेको आरोप पुष्टि गर्न पाइयोस् भन्ने दाउमा प्रहरी थियो। भविष्यमा यस्ता अनेक षड्यन्त्र हुन सक्छन्।

सुरक्षा निकायले एमाले र काङ्ग्रेस गठबन्धनको बीचमा झडप हुने त्यही नै सुरक्षा चुनौती बताएको थियो तर त्यसो भएन। नेकपा उनीहरूको चुनौती बन्यो। सेनासहित सुरक्षा निकाय र सरकारको विश्लेषणले हावा खायो। त्यो स्थिति नै नेकपाको वैचारिक राजनीतिक श्रेष्ठता हो भन्छन् नेकपाका नेता प्रज्वलन। असुरक्षा र प्रहरीप्रतिको अविश्वास कतिसम्म बढ्यो भने झलनाथ खनालले घरभित्र बसेर (मञ्चमा जान डराएर) इलाममा सभालाई सम्बोधन गरे। इलामका खनालकै एकजना आफन्तले बोल्दै गर्दा बुढाले डराएर भित्री वस्त्र चिसो पारेको बताए।

वैद्य बा बिलाए, मातृकाको पतन भयो। नेकपा नयाँ शक्तिका रूपमा आयो। यो कसरी सम्भव भयो ? त्यसको कारण वैचारिक राजनीतिक क्षेत्रको वैज्ञानिकता हो। बब अभाकियनले भनेझैँ क्रान्ति वैद्य बा बिलाए, मातृकाको पतन भयो। नेकपा नयाँ शक्तिका रूपमा आयो। यो कसरी सम्भव भयो ? त्यसको कारण वैचारिक राजनीतिक क्षेत्रको वैज्ञानिकता हो। बब अभाकियनले भनेझैँ क्रान्ति ' आशाविहीनहरूको आशा (होप अफ द होपलेस) हो' भन्छन् नेकपाका राजनीतिक कार्यसम्पादन समितिका सदस्य रणवीर। हो, आज नेकपा आशाविहीन नागरिकको आशाको केन्द्र भएको छ। यसलाई भरोसामा बदल्नुछ।


आरामदायी यात्राको लागि

हिमाल तराई यातायात सेवा




सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिर्चैया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप।

सम्पर्क : ९८४११०६९६७, ९८४४०३१५९






☎ ५५४२४९४


## मगर मुक्ति ...

इन्द्र घर्ती, मोहन सारुलगायत छन्।

'दलाल संसदीय पुँजीवादी व्यवस्थाविरुद्ध सङ्घर्ष गरौं ! वैज्ञानिक समाजवाद र स्वशासनका पक्षमा प्रथम राष्ट्रिय भेला सफल पारौं !' नारासहित सम्पन्न भेलाको उद्घाटन नेकपाका स्थायी समिति सदस्य सन्तोष बुढामगरले गरेका थिए। भेला समापनपछि आयोजित पत्रकार सम्मेलनमा मोर्चाका संयोजक श्रीसले मोर्चाको पाँचौं राष्ट्रिय सम्मेलन छिट्टै गर्ने जानकारी दिए। उनले संसदीय व्यवस्थाभित्रको नक्कली सङ्घीयताले मगर जाति र उत्पीडित समुदायको समस्या समाधान नहुने भन्दै त्यसका लागि वैज्ञानिक समाजवादी व्यवस्था स्थापना अनिवार्य भएको बताए। भेलामा देशका २८ जिल्लाका प्रतिनिधि सहभागी थिए।

## देशको एक इन्च ...

छपकैया, सिरसिया, सुन्दरपुरलगायत एक दर्जनभन्दा बढी ठाउँमा भारतले राताराता सीमास्तम्भ सारेको भन्दै आफ्नो सङ्गठनले उक्त क्षेत्रको अनुगमन गर्ने पनि उनले बताए। साथै मजदुर संयोजक फ्रौंक्रीले सीमा अतिक्रमणविरुद्ध एकजुट हुन मजदुरलगायत सबै देशभक्त मजदुर र श्रमजीवीलाई अनुरोध गरेका छन्। मजदुर सङ्गठनले नेकपाले सुरु गरेको तीनमहिने जनजागरण अभियानमा आफू पनि सहभागी भएर सङ्घर्ष गर्ने र सङ्गठनका कार्यक्रमहरू अघि बढाउने बताएको छ।

## देशैभरि जनजागरण ...

सामान्य वामपन्थी पनि नरहेको निष्कर्ष निकालेको छ। उसले एमाले-माके गठबन्धनलाई सामाजिक दलाल पुँजीवादीको संज्ञा दिएको छ। ३ महिने जागरणको लक्ष्य र उद्देश्य स्पष्ट पार्दै नेकपाद्वारा प्रकाशित अपिलमा भनिएको छ, 'कथित चुनावमा एमाले–माके मिलेर बहुमत ल्याएपछि अब नेपालमा शान्ति, स्थिरता, विकास र समृद्धि छाउने प्रचार गरिँदैछ। यो प्रचारमा एमाले त छँदैछ, त्यो भन्दा पनि घटिया तरिकाले टुप्पी कसेर संसदीय व्यवस्थालाई साम्राज्यवादी बहुदल र जनताको दुस्मन घोषणा गर्दै जनयुद्धमा गएर आत्मसमर्पण गर्न पुगेको माके पार्टीका पण्डितहरू लागेका छन्। हामीले तपाईंहरूलाई सुरुबाटै बताउँदै आएका छौं- नेपाली किसान, मजदुर, दलित, मधेसी, जनजाति जनताको वैरी विदेशीको इसारामा उनीहरूकै मन्त्रअनुसार उभ्याइएको दलाल पुँजीवादी व्यवस्था हो। यसलाई जरैबाट उखेलेर नफालेसम्म नेपाली श्रमिक जनता र देशभक्तहरूको मुक्ति हुनेछैन।'

अपिलमा अहिलेका मुख्य तीनवटा राजनीतिक पार्टीको विश्लेषण गर्दै भनिएको छ, 'काङ्ग्रेस इतिहासले रछ्यानमा मिल्काइदिएको पुरानो दलाल पुँजीवादी पार्टी हो। एमाले झापाबाट भाग्न थालेको आजसम्म पनि आत्मसुरक्षाको हीनभावनाले ग्रस्त संसदवादी पार्टी हो। एउटा अर्को ह्याउ खसेको तत्वहरूबाट बनेको माके भन्ने पार्टी छ, आफ्ना वीरतापूर्ण एवम् गौरवपूर्ण इतिहास थेग्न नसकेर मालिकहरूको पाउमा "चारधाम" लगाउन पुगेको सबैभन्दा नालायक यही भएको छ। यिनै पार्टीहरूमध्ये अहिले एमाले–माकेले गठबन्धन बनाएर विकास निर्माणको मूल फुटाउने कुरा गरेका छन्। यो गठबन्धनले भनेअनुसार कतैबाट पनि मूल फुटाउने अवस्था देखिँदैन, बरु यसले जस्ता पात्र र प्रवृत्ति बोकेर हिँडेको छ त्यसबाट भन्न सकिन्छ- यसले देश सुकाउने, लुटाउने र जनता सताउने कुकर्म मात्र गर्नेछ।'

विभिन्न जिल्लामा दर्जनौं सभाहरू आयोजना गरी अभियान उद्घाटन गरिएको हो। यसैबीच नेकपा मध्यकेन्द्रीय कमान्डअन्तर्गत उपत्यका ब्युरोको आयोजनामा काठमाडौंमा सभा सम्पन्न भएको छ। जुलुसपछि आयोजित सभालाई नेकपाका केन्द्रीय सदस्यहरू आजाद केसी, मकर गुरुङ, महिलानेत्री धीरेन्द्रा उपाध्याय, विद्यार्थी नेता दीपेन्द्र चलाउनेलगायतले सम्बोधन गरेका छन्। उनीहरूले राष्ट्रियता र जनजीविकाका सवालहरूमा सरकार गैरजिम्मेवार भएको बताउँदै उपत्यकाको धुलोधुवाँ नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराएका छन्।

यस्तै अभियानको उद्घाटन गर्न चितवनमा पनि सभाको आयोजना गरिएको छ। सभालाई केन्द्रीय सदस्य आधार, चितवन इन्चार्ज लालबहादुर बीसीलगायतले सम्बोधन गरेका थिए।

नेकपा पूर्वी केन्द्रीय कमान्डअन्तर्गत धनुषाको धनुषाधाममा सोमबार जनसभा गरी एकीकृत जनजागरण अभियान उद्घाटन गरिएको छ। स्थानीयको व्यापक सहभागितामा सम्पन्न उक्त सभालाई नेकपाका केन्द्रीय सदस्य देवनारायण शाह, जिल्ला इन्चार्ज राजु कार्की, अमर, महेन्द्र मण्डललगायतले सम्बोधन गरेका छन्। यस्तै मोरङको रानी र बेलबारीका छ स्थानमा भित्तेलेखन गरिएको छ। केराबारीमा मशालजुलुससहित कोणसभा गरिएको छ। सभालाई जिल्ला जनपरिषद् प्रमुख दीपक राईले सम्बोधन गरेका छन्। यस्तै सुनसरीको इटहरी चोकमा मशालजुलुस सहित सभा र बसपार्क क्षेत्रमा भित्तेलेखन गरिएको छ। सभालाई नेकपाका जिल्लास्तरीय नेताहरू सन्तोष बिष्ट, सागर र वीरताले सम्बोधन गरेका छन्। यस्तै सङ्खुवासभाको सदरमुकाम चैनपुरस्थित त्रिचोकमा मशालजुलुस निकालिएको छ। जुलुसपछि सम्पन्न कोणसभालाई जिल्ला जनसरकार प्रमुख छिरिङले सम्बोधन गरेका छन्। त्यहाँ शान्तिपूर्ण रूपमा चलिरहेको सभामा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज समेत गरेको बताइएको छ। मेचीको झापामा पनि सभा सम्पन्न गरिएको छ। सभालाई नेकपाका केन्द्रीय सदस्य निर्मलले सम्बोधन गरेका छन्। यस्तै महोत्तरीको बेलगढी, सप्तरीको सिरवारी र सिराहामा पनि मशालजुलुस निकाल्नुका साथै सभाहरू सम्पन्न भएको नेकपा पूर्वी कमान्ड कार्यालयले जनाएको छ।

यस्तै पश्चिम कमान्डअन्तर्गत तनहुँ र बागलुङमा पनि छुट्टाछुट्टै सभा सम्पन्न भएका छन्। उता, पाल्पा, बुटवल र कपिलवस्तुमा सम्पन्न भएका सभाहरूमा नेकपाका केन्द्र र जिल्ला तहका नेताहरूले सम्बोधन गरेका छन्। पाल्पामा भएको सभालाई नेकपाका केन्द्रीय सदस्य विजय बुढा, पाल्पा इन्चार्ज पार्वती विकललगायतले सम्बोधन गरेका छन्। सभाका वक्ताहरूले जनजागरण अभियान राष्ट्रघातका विरुद्ध जनतामा जागरण पैदा गर्ने अभियान भएको बताएका छन्। दाङमा राप्ती ब्युरोको प्रशिक्षणमै अभियान उद्घाटन गरिएको छ।

यस्तै सुदूरपश्चिम कमान्डअन्तर्गतका विभिन्न जिल्लामा पनि सभा र कोणसभाहरू सम्पन्न गर्दै अभियान उद्घाटन गरिएको छ। तीन महिनासम्म मेचीदेखि महाकालीसम्म चल्ने उक्त अभियानमा नेकपाले राष्ट्रघातविरुद्ध जनतालाई सचेत गराउने, आफ्नो आन्तरिक पार्टी पद्धतिलाई सुदृढ र विस्तार गर्ने बताएको छ।


# हार्दिक शुभकामना

जनपक्षीय साप्ताहिक

रातो खबर ले राष्ट्रियता, जनतन्त्र र जनजीविकालगायत समसामयिक विषयमा नियमित सत्य तथ्य खबर सम्प्रेषण गरिरहेको र आगामी दिनमा पनि यसको निरन्तरता, सफलता र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

प्रो दीपक शेरचन

मीनबहादुर शेरचन स्टोर्स

सभागृहचोक, पोखरा

फोन : ०६१-५२०११९, ०६१-५२४३०२


# सामाजिक दलाल पुँजीवादको भण्डाफोर

नेपाल कम्युनिस्ट पार्टीद्वारा घोषित तीनमहिने जनजागरण अभियानका क्रममा प्रकाशित अपिललाई समयसान्दर्भिक ठानी प्रस्तुत गरेका छौँ – **सम्पादक**

## जनजागरण अभियानको अपिल

**आदरणीय जनसमुदाय !**

देशको राजनीतिक परिस्थिति नयाँ सङ्कट, अस्थिरता र अन्तर्विरोधहरूबाट गुज्रिरहेको छ। जनताहरू राष्ट्रियता, जनअधिकार र जनजीविकाका अनेकौं समस्याहरूबाट पिल्सिरहेका छन्। संसदवादी पार्टीहरू सरकारको लुछाचुँडीमै व्यस्तछन्। हाम्रो पार्टी यी सबै समस्याहरूलाई वैज्ञानिक समाजवादी क्रान्तिद्वारा समाधान गर्न एकीकृत जनक्रान्तिको मार्गमा अगाडि बढिरहेको छ। यी सबै विषयहरूबारे आफ्ना धारणाहरू तपाईंहरूसामु "जनजागरण" अभियानमार्फत अपिल गर्न पाउँदा खुसी लागेको छ।

तपाईंहरूलाई थाहा नै छ, प्रतिक्रियावादी संसदीय व्यवस्थालाई महान् जनयुद्धद्वारा मृत्युको मुखमा पुऱ्याइएको थियो। अफसोच ! विदेशी साम्राज्यवादी, नेपाली दलाल पुँजीवादी र आत्मसमर्पणवादी प्रचण्ड–बाबुरामहरूको संयुक्त साँठगाँठमा विजयी जनयुद्धलाई विघटन गरियो र चिहानघाटमा पुग्नथालेको संसदीय व्यवस्थालाई कृत्रिम प्राण भरेर सत्तामा फर्काइएको छ। सयौं वर्षदेखि नेपाली जनताको खुन–पसिना चुसेर जुकाजस्तो ढाडिएका नयाँ र पुराना धनकुबेर र दलालहरूले पालोपालो दुष्ट, दलाल पुँजीवादी सत्ताको मुखमा प्राण भर्ने जमर्को गर्दैछन्।

यी संसदवादी दलालहरूले हालै देशमा शान्ति, स्थिरता र समृद्धि ल्याउने भन्दै कथित चुनाव गराएको नाटक गरे, तपाईंहरूलाई पनि भोट हाल्न उक्साए। तर हामीले यी दलालहरूको चालबाजी र नाटक बुझेका थियौं। त्यसैले हाम्रो पार्टीले जनतालाई आह्वान गर्दै भन्यो- यो "लोकतन्त्र" को चुनाव होइन, लुटतन्त्रमाथि सहीछाप गराउने षड्यन्त्र हो। जनताको भोटद्वारा जनताको सत्तालाई समाप्त गर्ने र क्रान्तिको घाँटी निमोठ्ने घातक ठगी धन्दा हो। यस चुनावलाई खारेज गरौं। हाम्रो आह्वान र सङ्घर्षलाई जनताले साथ दिने देखेपछि र पार्टीको नेतृत्वमा सङ्घर्ष तेज बन्दै गएपछि त्यसबाट अत्तालिएका दलालहरूले हाम्रो पार्टीविरुद्ध निर्मम दमन गरे। देशभरिबाट सात सय उनान्चालीसभन्दा बढी नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गरे। विभिन्न व्यवसायमा रहेर हाम्रो पार्टीलाई समर्थन गर्ने र हाम्रो विचारमा आस्था राख्ने शिक्षक, कर्मचारी, व्यापारी, विद्यार्थी, मजदुर, किसान, पत्रकार, मानवअधिकारवादीहरूलाई पनि बिनाजानकारी अपहरणको शैलीमा पकड्ने हर्कत भए। गिरफ्तार गरेपछि सङ्कटकालमा जस्तै कालोपट्टी बाँध्ने, यातना दिने, ठूलाठूला झूट्टा मुद्दा लगाउने, ठूलो धरौटी माग्ने, जेल पठाउने कुकार्यहरू गरिए। तर पनि जनताको माया, साथसहयोग र हाम्रो पार्टीको कुशल नेतृत्वमा दलाल संसदीय चुनावको खारेज गरियो। खारेज सङ्घर्षद्वारा दलाल पुँजीवाद र चुनावलाई एक मात्र विकल्प भएको देखाएर लुटको राज कायम गर्न चाहने दलालहरूको षड्यन्त्र असफल भयो। साथै दलाल संसदीय व्यवस्था नेपाली जनताको व्यवस्था होइन। यसका विरुद्ध वैज्ञानिक समाजवादी सत्ताको विकल्प आजैदेखि कायम छ भन्ने सच्चाइ सबैले देख्न पाए।

**प्रबुद्ध जनसमुदाय !**

कथित चुनावमा एमाले–माके मिलेर बहुमत ल्याएपछि अब नेपालमा शान्ति, स्थिरता, विकास र समृद्धि छाउने प्रचार गरिँदैछ। यो प्रचारमा एमाले त छँदैछ, त्योभन्दा पनि घटिया तरिकाले टुप्पी कसेर संसदीय व्यवस्थालाई साम्राज्यवादी बहुदल र जनताको दुस्मन घोषणा गर्दै जनयुद्धमा गएर आत्मसमर्पण गर्न पुगेको माके पार्टीका पण्डितहरू लागेका छन्। हामीले तपाईंहरूलाई सुरुबाटै बताउँदै आएका छौं- नेपाली किसान, मजदुर, दलित, मधेसी, जनजाति जनताको वैरी विदेशीको इसारामा उनीहरूकै मन्त्रअनुसार उभ्याइएको दलाल पुँजीवादी व्यवस्था हो। यसलाई जरैबाट उखेलेर नफालेसम्म नेपाली श्रमिक जनता र देशभक्तहरूको मुक्ति हुनेछैन। त्यसैका लागि त नेपालमा १० बर्से महान् जनयुद्ध लडेका थियौं र नौ हजार सपूत, सुपुत्रीहरूले आफ्नो अमूल्य जीवन बलिदान गरेका थिए। त्यो केवल राजा वा काङ्ग्रेसका विरुद्ध मात्र लडिएको थिएन, त्यो त मूल रूपले दलाल पुँजीवादी संसदीय व्यवस्थाका विरुद्ध लडिएको थियो। अनि आज फेरि उही धुन्धुकारी संसदीय व्यवस्थालाई नयाँ नाम "लोकतन्त्र" भिराएर फर्काइएको छ भने त्यसले कसरी जनताका लागि शान्ति, विकास र समृद्धि ल्याउँछ ! के केपी वली र प्रचण्ड यसका 'सिरुवार' बन्न पुगे भनेर हुन्छ ? जब कि मालिक हिजो पनि उही थियो, आज पनि उही छ भने यी नोकरचाकरहरूले के गर्न सक्छन् ? सबैले बुझ्नुपर्छ संसदीय व्यवस्थाले त विकास, शान्ति र समृद्धि होइन, जनताको जीवनमा विनाश, ध्वंस र विपत्ति मात्र ल्याउँछ, अब हुने पनि त्यही हो।

प्रबुद्ध नागरिकहरू, तपाईंहरू अहिलेकै चुनावको तरिका र परिणामलाई हेर्नुस् त के भयो ? के त्यहाँ जनताका छोराछोरी, किसान, मजदुर, दलित, महिलाहरूले चुनाव लड्न सके ? के सामान्य जनताले चुनाव जिते ? सबै इमानदारले भनिरहेका छन्- वडाको चुनावमा लाखौं, गाउँ र नगरको चुनावमा करोड र केन्द्रको चुनावमा करोडौं रूपैयाँ पानीजस्तो खन्याइएको छ। पाखण्डी, ठग, ढाँट, फटाहा नेताहरूले चुनावी खर्च त कति देखाए भने जम्माजम्मी केही लाख ! ऊफ् ! प्रत्यक्ष चुनावखर्च देख्ने जनता र पैसाका भारी बोकेर बाँड्दै हिँड्ने आसेपासेलाई कस्तो महसुस भइरहेको होला ! अनि चुनावको परिणाम कस्तो आयो नि ! सायद त्यो पनि तपाईंहरूले बुझ्नुभएकै छ। धेरै ठाउँबाट पैसा, गुण्डागर्दी र शक्तिको बलमा भ्रष्टाचारी, ठग, तस्कर, ठेकेदार, गुन्डा, अपराधीहरू आए ! त्यसका नेताहरू पनि सबै कुनै न कुनै रूपले राष्ट्रघात र जनघातका अपराधमा मुछिएका दलालहरू आए। अनि यी नाइके, दलाल र भरौटेहरूले संसदीय व्यवस्थामा बसेर विकास, शान्ति र समृद्धि ल्याउलान् ? के यो पत्याउन सकिने कुरा हो ? अहँ, यो कहिल्यै सम्भव हुने कुरा होइन र हुनेछैन। यिनले त विदेशी मालिकको एक कल फोनमा चार फन्का मार्नेछन् र देश, जनताप्रति भयानक घात र गद्दारी मात्र गर्न पुग्नेछन्।

काङ्ग्रेस इतिहासले रछ्यानमा मिल्काइदिएको पुरानो दलाल पुँजीवादी पार्टी हो। एमाले झापाबाट भाग्न थालेको आजसम्म पनि आत्मसुरक्षाको हीनभावनाले ग्रस्त संसदवादी पार्टी हो। एउटा अर्को ह्याउ खसेको तत्वहरूबाट बनेको माके भन्ने पार्टी छ, आफ्ना वीरतापूर्ण एवम् गौरवपूर्ण इतिहास थेग्न नसकेर मालिकहरूको पाउमा "चारधाम" लगाउन पुगेको सबैभन्दा नालायक यही भएको छ। यिनै पार्टीहरूमध्ये अहिले एमाले–माकेले गठबन्धन बनाएर विकास निर्माणको मूल फुटाउने कुरा गरेका छन्। यो गठबन्धनले भनेअनुसार कतैबाट पनि मूल फुटाउने अवस्था देखिँदैन, बरु यसले जस्ता पात्र, प्रवृत्ति बोकेर हिँडेको छ। त्यसबाट भन्न सकिन्छ- यसले देश सुकाउने, लुटाउने र जनता सताउने कुकर्म मात्र गर्नेछ।

नागरिकहरू, यो हामीले बढी भनेको पटक्कै होइन। चुनाव सकिन पाएको छैन यिनका भरौटेहरूले भ्रष्टाचार गर्न थालिसकेका छन्। करोडौंकरोड पचाएका उजुरीहरू पर्न थालिसकेका छन्। रोजगारी र आय नभएका जनतालाई अनेकौं कर थोपरेर लुट्न थालिसकिएको छ। गुन्डाको बलमा ठेक्का कब्जा गर्ने र बाँडेर खाने कार्य भइसकेका छन्। यिनैले खटाएका प्रशासकहरूबाट अर्बौं र करोडौंको भ्रष्टाचार सुरु भइसकेको छ। सडकमा नागरिकहरू गोलीद्वारा मारिँदैछन्, यिनका नाइकेहरू आफैं कम्युनिस्टको खोलमा अर्बौं कुम्ल्याएर बसेका घुस्याहाहरू छन्। के यसबाट पुस्टि हुँदैन र !

न्यायप्रेमी जनसमुदाय, हालैको तथ्याङ्कअनुसार हाम्रो देश यो वर्ष झनै गरिब भयो, जनताहरूको गरिबी बढ्यो। देशको व्यापारघाटा चुलिँदै गएको छ। मानव बेचबिखन विशेषत: महिला बेचबिखन पीडापूर्ण रूपले बढिरहेको छ। भ्रष्टाचारले देश बर्बाद हुँदै गएको छ। दलालीकरणको सीमा छैन। करछली र मुनाफा सोहोर्ने अनि पैसा विदेश लैजाने क्रम ह्वात्त बढेको छ। अदालतले समेत पुँजी पलायनमा सहयोग गरेको छ। सामाजिक असुरक्षा एकदमै बढेको छ। सामाजिक अपराधहरू चुलिँदै गएका छन्। शिक्षा, स्वास्थ्य, सूचनासञ्चार, मानवअधिकारजस्ता क्षेत्रहरू जनताको सरोकारबाट बाहिर पर्दै गएका छन्। राष्ट्रघाती सन्धिसम्झौताहरू कायमै छन् र अरू थपिँदैछन्। यी सबै कार्यमा संसदवादी पार्टी र उनीहरूका नेताहरू नै सहभागी छन्। देशको यो अवस्थाले हामी सबैलाई निकै गम्भीर बनाइरहेको छ।

आदरणीय जनसमुदाय, हामीलाई थाहा छ, देश र जनताका यी समस्याहरू संसदवादी दलहरू र दलाल पुँजीवादी राज्य व्यवस्थाबाट समाधान हुन सम्भव नै छैन। यसका लागि वैज्ञानिक समाजवादी व्यवस्था अनिवार्य छ। वैज्ञानिक समाजवादी व्यवस्थाका लागि वैज्ञानिक समाजवादी क्रान्ति आवश्यक छ। हाम्रो पार्टी त्यही वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्नका लागि लडिरहेको छ। क्रान्तिको चर्चा गर्दा तपाईंहरूमा कैयौं प्रश्नहरू पनि उठ्छन् तर अनेकौं उकालीओरालीका बाबजुद क्रान्ति नै हाम्रो नयाँ भविष्य हो। क्रान्तिबाट उदास हुनु हुँदैन। क्रान्तिको विकल्पमा आफ्नै जीवन बर्बाद पार्ने दलाल पुँजीवादी व्यवस्थाको सर्मपणमा हामी पुग्नु हुँदैन। हामी विश्वासका साथ भन्छौं- हाम्रो पार्टी महान् क्रान्ति र वैज्ञानिक समाजवादको लक्ष्य, आदर्शप्रति प्रतिबद्ध छ। क्रान्ति सकिएको छैन र यसलाई पूरा गरी छाडिनेछ। जति नै कठिनाइ झेल्नु परे पनि क्रान्ति विजयी भइछाड्नेछ। तसर्थ आउनुहोस्, वैज्ञानिक समाजवादका लागि एकीकृत जनक्रान्तिविरुद्ध गोलबन्द हौं। जनजागरण अभियानलाई सफल गरौं।

२०७४ माघ १

केन्द्रीय समिति

नेपाल कम्युनिस्ट पार्टी

नियमित

# महिला मुक्तिका लागि एकीकृत जनक्रान्ति


राजकुमारी शाही

### १.भूमिका

महिलाहरूसिर्जना र सभ्यताका वाहक हुन्, मानव समाजका सृष्टिकर्ता हुन् यद्यपि दलाल पुँजीवादी सत्ताले महिलाहरूलाई विज्ञापन र मनोरञ्जनको साधनका रूपमा स्थापित गरेको छ। शोषण-उत्पीडन लादिरहेको छ। धर्मले सीमित बन्धनमा कैद गरेको छ भने दलाल पुँजीवादले उपभोग्य साधनकारूपमा विश्व बजारमा मोलतोल गरिरहेको छ। नेपालको दलाल प्रतिक्रियावादी सत्ताले अधिकारबाट वञ्चित गरेर समाजमा महिलाहरूलाई दोस्रो दर्जाको नागरिक बनाइरहेको छ। नेपालमा दसबर्से जनयुद्धको रापले इतिहासमै पहिलोपटक राष्ट्रपति, सभामुख र प्रधानन्यायाधीशजस्ता सर्वोच्च निकायमा महिला चुनिए तर जनयुद्धको सम्पूर्ण उपलब्धि गुमाएपछि वा प्रतिक्रियावादी सत्ता पुनर्स्थापित हुँदा उक्त प्रमुख पद विज्ञापनको साधन मात्र हुन पुगेको छ। अहिले पनि नेपाली समाजमा महिलाहरूलाई बोक्सीको आरोपमा मुखमा दिसा कोचिदिने, शरीरमा आगो लगाउने, बन्चरो प्रहार गरी कायरतापूर्वक हत्या गर्ने अत्यन्तै अमानवीय, पुरातन र रूढिवादी कुकर्मजारी हुनुले थप स्पष्ट पार्दछ। यद्यपि जनयुद्धका रूपमा उठेको महिला चेतना समाप्त भैसकेको छैन। महिला मुक्ति आजको अपरिहार्य विषय हो। त्यसैले क्रान्तिबिना महिला मुक्ति सम्भव छैन।

### २.समस्याहरू

तत्कालै २०७४ कात्तिक १ गते बेलुका रसुवा जिल्लाको कालिका गाउँपालिका, खाल्चेत निवासी राधा थिङलाई बोक्सीको आरोपमा आफ्नै जेठाजुले बन्चरो प्रहार गरी सख्त घाइते बनाएको घटना सामाजिक सञ्जालमार्फतबाहिर आयो। केही समयअगाडि उपत्यकानजिकैको काभ्रे जिल्लामा लक्ष्मी परियारको बोक्सीको आरोपमा अमानवीय र जङ्गली पाराले हत्या भयो। उक्त घटनामा जनताको सुरक्षा दिने प्रहरीसमेत पीडककापक्षमा मिलोमतो गर्दै गरेको समाचार बाहिर आयो। यो देशमा शिक्षकद्वारा छात्रा बलात्कृत हुन्छन्। कार्यालय र सङ्घसंस्थाका हाकिमबाट कैयौँ महिला कर्मचारी बलात्कृत भएका दर्जनौँ घटना बाहिर आउँछन्। अस्पतालहरूमा ओजेटिभ र जागिर खाने नाममा कैयौँनर्स र महिला कर्मचारीहरूले हाकिमहरूको यौनदासी बन्नुपर्ने बाध्यता छ। सुरक्षाकर्मी महिलाहरूब्यारेकमै बलात्कृत भएकाघटनाहरू बाहिर आउँछन्। जतातत्तै महिला हिंसा कुरीति, कुसंस्कार र रूढिवादले फेरि घर गरिसक्यो। यही सत्ताले केही महिलाहरूलाई सर्वोच्च निकायमा राखेरदेख्यौ, हामीले अधिकार दियौँ भनेर विज्ञापन गरिरहेको छ। जनयुद्धमा हजारौँ महिलाहरूले प्रदर्शन गरेको वीरता र बलिदानी केवल १/२ जनालाई सत्तामा पुऱ्याउनु मात्र हो त ? के अरू सबै महिलालाई जहाँको तहीँ धकेल्नकालागि थियो त ?त्यो थिएन। जनयुद्धको कमान्डर प्रचण्डले त आफ्नी पहिलो बुहारीलाई अधिकारबाट वञ्चित गरी यही समाजमा दबाएर राखेका छन् भने अरूहरूको कुरै छाडौँ। अहिलेको सत्ताले कुनै पनि ठाउँमा महिलालाँई अधिकार दिएको छैन। यसमा केही गाउँपालिका र नगरमा उपप्रमुख दिए भन्दैमा मक्ख हुनुपर्ने कारण छैन। त्यही विज्ञापन गरेर महिलाहरूलाई थप शोषण र दमन गर्न अहिलेको सत्ता लागिरहेको स्पष्ट छ। सयौँ दिदीबहिनीहरू नेपालमै घरेलु हिंसाको सिकारमा छन्। प्रतिक्रियावादी व्यवस्थाका कारण अंशबाट महिलाहरूलाई बन्देज गरिएको छ। छोराको हातबाट पिण्ड जाने धार्मिक अन्धविश्वासलाई कानुनी मान्यता दिइएकाले हजारौँ महिलाहरूको भ्रूणमै हत्या गर्ने गरिन्छ। कुनै पनि ठाउँमा नेपाली महिलाहरूलाई सहज रूपमा काम गर्ने र प्रतिस्पर्धा गर्ने ठाउँ छैन। रोजगारीको सिलसिलामा दलालहरूले खाडी मुलुकमा बेच्दछन् र महिलाहरू घरायसी कामदारकारूपमा विदेश जान्छन्। त्यहाँ कैयौँ दिदीबहिनीको यौनशोषण, बर्बर यातना र हत्या गरिएकाघटनाहरू सामाजिक सञ्जालमा सजिलै देख्न सकिन्छ। कतिसम्म भने नेपाली महिलाहरूलाई शरीरमा तातो आाइरनले डाम्ने, तातोपानी खन्याउने, धारिलो हतियारले शिर छेदन गरेर शरीर क्षतविक्षत पार्ने,हात एकातिर, स्तनअर्कातिर, खुट्टा एकातिर पाटापाटा छुट्टाछुट्टै पारेर बीभत्स हत्या गरिएका घटनाहरू प्रत्यक्ष देख्न सकिन्छ। विदेशमा नेपाली महिलाहरूको अवस्था दर्दनाक छ तर यो देशको सरकारले अलिकति पनि प्रतिक्रिया नै दिन सक्दैन। यी सत्तामा बसेका दलाल नेताहरूको अलिकति पनि दया पलाउँदैन बरु उल्टै महिलाहरूबेच्ने दलाल र मेनपावरहरूमा कमिसन खाने र विदेशमा बेच्नका लागि लाइसेन्स दिने काम गरिरहेको छ। यो सत्ताको अन्त्य गर्न जरुरी छ।

### ३.समाधान

महान् जनयुद्धको स्पिरिटलाई आत्मसाथ गर्दै फेरि विद्रोही छापामारमा भर्ती हुने र एकीकृत जनक्रान्तिलाई एउटा उचाइप्रदान गर्ने एक मात्र विकल्प महिलाहरूका अगाडि छ। अब केवल कुरा गरेर र स्तुति गाएर केही हुनेवाला छैन। त्यसका लागि स्कुल-कलेजबाट छात्राहरू, हरेक फ्याक्ट्रीबाट महिलाहरू एकीकृत जनक्रान्तिमा सहभागी हुन जरुरी छ। जहाँ विभेदर उत्पीडन छ त्यहाँका महिलाहरूल्इरक्ष्ल्इ मा धाएर होइन, आफ्नो अधिकारका लागि विद्रोही छापामारमा आफैँ सहभागी भएर त्यसको डटेर सङ्घर्ष गऱ्यौँ भने मात्रमुक्ति सम्भव छ। सानो उदाहरण : जनयुद्धमा महिलाहरूले जनमुक्ति सेनामा देखाएको अदम्य साहस पुरुष सेनासँग गरेको प्रतिस्पर्धा र साहसिक विजयले मात्र आज महिलाहरू सरकारी सेना,ब्युरोक्रेसी, पुलिस, सरकारी निकायमा जसरी महिलाहरूको सहभागिता भएको छ त्योमहिलाहरूले देखाएको साहसिक प्रतिरोधीसङ्घर्षले हो। विद्रोही छापामार बन्नु भनेको आफूमाथि भएको दमन र अत्याचारविरुद्ध प्रतिरोधका लागि भौतिक र मानसिक दुवै रूपमा तयार हुनु हो। महान् जनयुद्ध एउटा भव्य प्रयोगशाला थियो जहाँ महिलाहरूलेपुरुषको भन्दा बढी सबल र योग्य प्रमाणित गरिदिएका थिए। त्यहाँ वर्गसङ्घर्ष र पार्टीले महिलाहरूलाई पुरुषसरह कामको प्रतिस्पर्धा गर्ने अवसर दिंदा मात्र त्यो सम्भव भएको थियो। हरेक प्रतिस्पर्धा गर्दा त्यहाँ एउटा अवसरको आवश्यकता हुन्छ। अहिले आउँदा दलाल प्रतिक्रियावादी सत्ताले आर्थिक, सांस्कृतिक र धार्मिक उत्पीडनमा नेपाली महिलाहरूकति जब्बर चुनौतीमा धकेलिएकाछन् भने त्यसको क्षतिपूर्ति केवल भाषणले मात्र पुग्नेवाला छैन। इतिहासदेखि अहिलेसम्मको क्षतिपूर्तिका लागि सशस्त्र प्रतिरोधमा उत्रिन जरुरी छ। अस्पतालमा स्टाफ नर्सहरू, हेपियौँ भनेर रुने हैन, ब्युरोक्रेसी, सेना र पुलिसका महिलाहरू, तपाईंहरू हेपिएको वा यौनहिंसाकानाममा बुर्जुवा प्रशासन र अदालतमा रुने होइन, विभिन्न पार्टीमा आफूलाई हेपिएको महसुसमा पार्टी कार्यालयमा उम्मेदवारको पद पाइएन भनी रोएर बस्ने होइन। समाजमा बस्ने सम्पूर्ण महिलाहरू आफू हेपिएमा घरेलु हिंसामा परेँ भनि गैरसरकारी संस्थामा धाउने होइन। त्यसो गर्नुभयो भने यो दलाल संसदीय व्यवस्थाले अझबढीपीडा दिन्छ र हेप्छ।त्यसको डटेर सामना गर्नुपर्छ। त्यसका लागि एकपटक मानसिक र भौतिक रूपमा आफूलाई सशस्त्र पार्नु पर्दछ। एकपटक तपाईंहामी सङ्गठित रूपमा सशक्त बनेर अगाडि बढौँ त स्कुलबाट छात्राहरू, अस्पतालबाट स्टाफ नर्स र महिला कर्मचारीहरू, ब्युरोक्रेसीबाटवा सेना-पुलिसका महिलाहरूब्यारेकबाट प्रतिरोध गरेर हेरौँ त हाम्रो मुक्ति अवस्य हुन्छ। हामी सुन सिरानीमा राखेर फलाम खोज्न हिँडेजस्तो आफूभित्र रहेको अजङ्गको शक्ति नदेखेर दलालले निर्माण गरेको अदालत धाइरहेका छौँ। यसको समाधान आफैँ सशस्त्र बनेर प्रतिरोध गर्नु हो वा हाम्रो सङ्गठनमा सङ्गठित भएर प्रत्येक दलालहरूलाई ठाउँका ठाउँ कारबाही गर्नुपर्छ। महिला हिंसा गर्नेहरूलाई जनअदालतबाटै कारबाही गर्नुपर्छ। जुन ठाउँमा उत्पीडन हुन्छ महिलाहरू त्यहीँबाट जाग्नुपर्छ। यसको समाधान यही हो।

### निष्कर्ष

अनार खान अनारकै बुटा उमार्नुपर्छ भनेझैँ उत्पीडित वर्गको मुक्ति उत्पीडित वर्गको राज्यसत्ताले मात्र गर्दछ। उत्पीडित वर्गको अधिकार दलाल संसदीय व्यवस्थामा खोज्नु भनेको स्याउको बुटामा नरिवल पाउने आस गर्नुजस्तै हो। यो सम्भव छैन। महिला मुक्तिको सवाल केवल महिला मुक्तिसँग मात्र सम्बन्धित छैन। यो उत्पीडित श्रमजीवी वर्गको राज्यसत्ता प्राप्तिसँग सम्बन्धित छ। एउटा घरको मुक्ति भनेको घरका सदस्यहरूको मुक्तिको ग्यारेन्टी भएजस्तै श्रमजीवी श्रमिक वर्गको राज्यसत्ता हुनु नै सबै प्रकारका उत्पीडनबाट मुक्त हुनु हो। त्यसैमा हाम्रो मुक्ति सम्भव छ। त्यसकारण महिला मुक्ति सङ्घर्षलाई वर्ग सङ्घर्षमा समाहित गर्नु पर्दछ वर्गीय मुक्तिबिना महिला मुक्ति सम्भव छैन। यो सङ्घर्षमा उत्पीडित वर्ग, महिला र पुरुष सबैको सहभागिता अनिवार्य छ। तब मात्र महिला मुक्ति सङ्घर्ष विजयको अन्तिम शिखरमा पुऱ्याउन सम्भव छ। त्यसका लागि नेपाल कम्युनिस्ट पार्टीले तय गरेको एकीकृत जनक्रान्तिमा भौतिक र मानसिक रूपमा सहभागी बनौँ। यसले दलाल संसंदिय व्यवस्थाको समूल अन्त्य गरी वैज्ञानिक समाजवादी व्यवस्था स्थापना हुँदै साम्यवादमा पुग्ने महान् उद्देश्य राखेको छ यसबाट मात्र महिला मुक्ति सम्भव छ।

(लेखक महिलानेत्री हुनुहुन्छ।)

# नेपाल-रुस लेखक/पत्रकार मञ्च गठन

■ **रातो खबर संवाददाता**/लेनिनग्राद



महान् अक्टोबर क्रान्तिको शतवार्षिकी महासम्मेलनमा रुसको लेनिनग्रादमा भेला भएका नेपाललगायत विश्वका दर्जनौं मुलुकका कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ता, लेखक, पत्रकार र बुद्धिजीवीको सहभागितामा 'नेपाल-रुस लेखक/पत्रकार मञ्च' गठन भएको छ। रातो खबर साप्ताहिक तथा नौलो बिहानी मासिकका सम्पादक अशोक सुवेदीको अध्यक्षतामा गठित मञ्चका महासचिव नेपालका हिमलाल पराजुली हुनुहुन्छ भने सचिवमा रुसको लेनिनग्रादको लेखक लारिसा रिद्दिना रहनुभएको छ।

मञ्चले जारी गरेको प्रेसविज्ञप्तिअनुसार संस्थाका सदस्यहरूमा नेपालका भीम भारती, मोहन घिसिङ र सुरेश पोखरेल हुनुहुन्छ भने रुसका आन्द्रेई, आन्तोन, एलेक्सी र निकोलाई रहनुभएको छ। मञ्चका सल्लाहकार हरूमा नेपालका माणिक लामा, गोपाल शिवाकोटी चिन्तन, हस्तबहादुर केसी र प्राडा सुरेन्द्र केसी तथा रुसका दिमित्री, भादिमलगायत मार्क्सवादी-लेनिनवादी नेताहरू रहनुभएको छ। थप पदाधिकारी तथा सदस्यहरू बैठकले तय गर्ने मञ्चले जनाएको छ। मञ्चले नेपाल र रुसबीच दर्शन, विचार, साहित्य, कला-संस्कृति, सञ्चारलगायत क्षेत्रमा अध्ययन/अनुसन्धान, विकास र प्रवर्द्धन गर्ने उद्देश्य राखेको जनाइएको छ।

सोही कार्यक्रममा नेकपाका महासचिव विप्लवको एकीकृत जनक्रान्ति, अशोक सुवेदीको शक्तिशाली समाजवाद (जनगणतन्त्र कोरिया यात्रा डायरी), सुवेदीकै आमा काव्य र रामप्रसादको सिसमहल कथासङ्ग्रह, पूर्णबहादुर सिंहको वैज्ञानिक समाजवाद र जनगणतन्त्र कोरिया विशेषाङ्क, नेकपाको अक्टोबर क्रान्ति शतवार्षिकीसम्बन्धी पर्चा, सिर्जनाभूमि (समालोचना), समयसित रुमाल छैन (कवितासङ्ग्रह) लगायत सामग्री लोकार्पणका साथै लेनिनका योगदानहरू विषयक गोष्ठी सम्पन्न भएको थियो।

गोष्ठीमा रुसका भादिम, एलिना बाबिच, आन्द्रेई, जापानका फुकुकावा क्रिस्टिन, नेपालका माणिक लामा, अशोक सुवेदी, प्राडा सुरेन्द्र केसी, डा. गोपाल शिवाकोटी चिन्तन, हिमलाल पराजुलीलगायत वक्ताले लोकार्पित पुस्तक, 'अक्टोबर क्रान्तिको शतवार्षिकी र लेनिनका योगदानहरू' विषयमा मन्तव्य प्रकट गर्नुभएको थियो।

# माघ १६ शहिद दिवस

■ **रातो खबर संवाददाता**/काठमाडौं

प्रजातन्त्र पुनस्थापनाको लागि जीवनको आहूति दिने शहीदको सम्झनामा मंगलवार अर्थात माघ १६ गते विविध कार्यक्रम गरी शहीद दिवस मनाइएको छ। नागरिक स्वन्त्रताको माग गर्दै जहाँनिया राणा शासनको विरुद्धमा आन्दोलन गरेको आरोपमा विसं १९९७ मा शुक्रराज शास्त्रीलाई माघ १० गते काठमाण्डौंको टेकुस्थित पचली, धर्मभक्त माथेमालाई माघ १३ गते सिफलमा मृत्युदण्ड दिइएको थियो। त्यस्तै गंगालाल श्रेष्ठ र दशरथ चन्दलाई माघ १५ गते शोभाभगतीमा मृत्युदण्ड दिइएको थियो। निरङ्कुश राणाशासनको विरुद्धको आन्दोलनमा यीनै चारजनालाई मारिएको दिन सरकारद्वारा प्रत्येकवर्ष माघ १० देखि १६ गते शहिद सप्ताह र १६ गते शहिद दिवस मनाउने गरिन्छ।

सामन्ती राजतन्त्रात्मक संसदीय व्यवस्थाको अन्त्य गरी नयाँ जनवाद हुँदै समाजवाद स्थापना गर्ने उद्देश्यले २०५२ साल फागुन १ गतेबाट महान जनयुद्ध शुरु गरिएको थियो। त्यस क्रममा फागुन १४ गते दिलबहादुर रम्तेलले शहादत प्राप्त गरेको दिन र फागुन २१ गते सुखानीमा पञ्चायती व्यवस्थाद्वारा हत्या गरिएका महान सहिदहरुको सम्झनामा नेपालका क्रान्तिकारी कम्युनिस्टहरुले फागुन १४ देखि २१ गतेसम्म सहिद सप्ताह मनाउने प्रचलन चलिआएको छ।




## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।**
**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ